58	39247	080/081 KPL-47	13231-080/081 KPL-48	Tween 80	IP
59	39248	080/081 KPL-48	13232-080/081 KPL-49	Xanthan gum	IP
60	39318	080/081 KPL-41	13299/080/081 KPL-41	Aluminium foil (Printed and Plain)	INH
61	39319	080/081 KPL-42	13300/080/081 KPL-42	Duplex	INH
62	39320	080/081 KPL-43	13301/080/081 KPL-43	Polycoated printed aluminium foil	INH
63	39321	080/081 KPL-44	13302/080/081 KPL-44	Label sticker	INH
64	39322	080/081 KPL-45	13303/080/081 KPL-45	30 ml Amber pet bottle	INH
65	39323	080/081 KPL-46	13304/080/081 KPL-46	60 ml Amber pet bottle	INH
66	39324	080/081 KPL-47	13305/080/081 KPL-47	100ml Amber pet bottle	INH
67	39325	080/081 KPL-48	13306/080/081 KPL-48	120 ml Amber pet bottle	INH
68	39326	080/081 KPL-49	13307/080/081 KPL-49	Aluminium cap (ROPP)	INH
69	39327	080/081 KPL-50	13308/080/081 KPL-50	Induction wad	INH
70	39328	080/081 KPL-51	13309/080/081 KPL-51	HDPE Granules	INH
71	39420	081/082 KPL-01	23268/081/082 KPL-01	5 Liters Jar	INH
72	24102	081/082 KPL-181	13789/081/082 KPL-181	Methanol HPLC Grade	INH
73	24103	081/082 KPL-182	13790/081/082 KPL-182	Acetonitrile HPLC Grade	INH
74	24104	081/082 KPL-183	13791/081/082 KPL-183	Water HPLC grade	INH
75	24105	081/082 KPL-184	13792/081/082 KPL-184	All sized pet bottles (AMBER with inner plug, ropp cap and measuring cap)	INH
76	24106	081/082 KPL-185	13793/081082 KPL-185	All sized HDPE bottles (Jerrycan and jar) with its plug and caps	INH

फिड सप्लिमेन्टस् तर्फको उत्पादित वस्तुहरु देहाय बमोजिम रहेको छ

क्र.सं	वस्तुको वर्गीकरण (पशु/ पशुजन्य पदार्थ/पशु उत्पादन सामाग्री / तयारी दाना/ Feed supplernent / Premix/ Additives)	वस्तुको व्यापारीक नाम	वस्तुको प्रयोजन	वस्तुको प्याकिङ्ग साइज	प्याकेजिङ्गमा प्रयोग हुने चिजको विवरण	कैफियत
१	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	के-लाइट (K-LYTE)	कुखुरालाई पानीको कमी तथा गर्मीको तनावबाट मुक्त गर्न । कुखुराको शरीरमा पानी र lons को सन्तुलनलाई कायम गर्न । कुखुरामा देखिने Tibial dyschondroplasia र Respiratory alkalosis जस्ता समस्यालाई रोकथाम गर्न । कुखुरामा ठुइने समस्याको रोकथाम गर्न । कुखुरामा दाना रुपान्तरण अनुपात सुधार गर्न ।	५०० ग्रा. र १ कि.ग्रा.	Polylaminated Aluminium foil Sachets	
२	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	सट्रेसनिल (STRESSNIL)	कुखुरामा गर्मीले हुने तनाव, जाडोले हुने तनाव, भ्याक्सीन लगाउँदा हुने तनाव, ओसार-पसार गर्दा हुने तनाव, चुचो काट्दा हने तनावबाट कुखुरालाई जोगाउन । कुखुरामा विषाणुजन्य रोग लाग्दा हुने जिवाणुजन्य संक्रमणलाई निको पार्न सहयोग गर्ने। कुखुरामा शारीरिक कमजोरीको अवस्थालाई छिटो निको पार्न ।	१०० ग्रा., ५०० ग्रा. र १ कि.ग्र.	Polylaminated Aluminium foil Sachets	
३	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	मेगा मिक्स चिलेटेड (MEGAMIX CHELATED)	दुध उत्पादन बढाउन मद्दत गर्दछ । पशुवस्तुको शारिरीक बृदि विकास गर्दछ । गाई भैसीमा देखिने प्रजनन् सम्बन्धित समस्या समाधान गर्न । समयमै बाली जान मद्दत गर्दछ ।	२५० ग्रा. र १ कि.ग्रा..	Polylaminated Aluminium foil Sachets	
४	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	के-प्रोलियम (K-Prolium)	कुखुरा तथा माछामा लाग्ने कक्सीडियोसिस रोग विरुद्ध प्रयोग गर्ने ।	३० ग्रा., १५० ग्रा., ५०० ग्रा. र १ कि.ग्रा.	Polylaminated Aluminium foil Sachets	
५	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	भिटा-के (VITA-K)	कुखुरामा Vitamin K३ को कमी परिपूर्ति गर्न । कुखुरामा रोगको संक्रमण हुँदा हुन सक्ने रक्तश्रावलाई रोक्न मद्दत गर्न । कुखुरामा अण्डा पार्ने दरमा सुधार ल्याउँछ । कुखुराको चुच्चो काट्दा हुन सक्ने रक्तश्रावलाई नियन्त्रण गर्न ।	५०० ग्रा.	Polylaminated Aluminium foil Sachets	
६	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	भाइरोनिल-एस (VIRONILL-S)	कीटाणुशोधन को लागी (सतह, उपकरण सवारी साधन, हावा, पानी वितरण प्रणाली, जुत्ता चप्पल)	१०० ग्रा, ५०० ग्रा	HDPE Bottle	
७	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	मास्टानील पाउडर (MASTANILL POWDER)	थुनेलोको रोकथाम र व्यवस्थापन गर्न ।	५० ग्रा, .	Polylaminated aluminium foil Sachets	
८	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	मास्टा बफर (MASTA BUFFER POWDER)	थुनेलोको रोकथाम र व्यवस्थापन गर्न ।	१५ ग्रा, .	Polylaminated aluminium foil Sachets	
९	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	प्रेगाबोलाइट (PREGABOLITE)	गर्भवती जनावरहरूको लागि पोषणयुक्त आहारा परिपुरक ।	१०० ग्रा,	Polylaminated aluminium foil Sachets	
१०	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	रुमेन प्लस पाउडर (RUMEN PLUS POWDER)	उचित पाचन, रुमेनको गतिविधिमा सुधार गर्दछ । रुमेनको शक्ति कायम राख्छ । तनाव, निर्जलीकरण र गर्भावस्थाको समयमा जनावरलाई सक्रिय बनाउँछ । परजीवीको कारणले हुने खनिज क्षतिलाई पूरा गर्दछ । शरीरको कोषमा कार्बोहाइड्रेटलाई ऊर्जामा परिवर्तन गर्न मद्दत गर्दछ । आरबीसी र भ्रुण विकास गर्न मद्दत गर्दछ ।	१५ ग्रा,	Polylaminated aluminium foil Sachets	
११	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	माल्फी (MALFE)	पशुवस्तुको शारिरीक बृदि विकास गरी अधिकतम उत्पादन लिन । पशुवस्तुमा हुन सक्ने रक्त अल्पता, हड्डी बाङ्गीने समस्या समाधान गर्न । अधिकतम दुध उत्पादन लिन । बंगुरको पाठा पाठीमा देखिने फलाम तत्वको कमीलाई पुरा गर्न ।	४५० ग्रा. , १ कि. ग्रा. र २.५ कि. ग्रा	Amber Pet bottle & HDPE Bucket.	

१२	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	माल्फी -पि (MALFE-P)	कुखुरामा वृदि विकास गरी अधिकतम उत्पादन लिन ।	४५० ग्रा. , १ कि. ग्रा., २.५ कि. ग्रा. र ५ कि. ग्रा.	Amber Pet bottle & HDPE Bucket.	
१३	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	सुत्केरी शक्ति (SUTKERI SHAKTI)	पशुबस्तु सुत्केरी भए पशचयात हुने शारीरिक कमजोरी कम गरि अधिकतम उत्पादन हुने । पशुबस्तु सुत्केरी भए पशचयात साल समयमै झार्न मद्दत गर्दछ . पशुबस्तु समयमै बाली जान मद्दत गर्दछ .	४५० ग्रा. , १ कि. ग्रा.,र २.५ कि. ग्रा.	Amber Pet bottle & HDPE Bucket.	
१४	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	रुमेनटन बोलस (RUMENTON BOLUS)	पशुवस्तुमा भोक जगाउन । दाना र घाँसपातमा रहेको पौष्टिक तत्व शरिरमा सोस्न । पाचन प्रणालीलाई चलायमान राख्न । पशुवस्तुको शारीरिक वृदि विकास गरी अधिकतम उत्पादन लिन ।	४ बोलस प्रति स्ट्रिप	Aluminium strip	
१५	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	ट्राईको लिभ बोलस (TRICOLIV BOLUS)	पशुवस्तुको कलेजो स्वस्थ राख्नन । दाना पानीबाट आउन सक्ने विकार तत्वलाई निस्कृय पार्न । दानामा रहेको पौष्टिक तत्वलाई शरीरमा सोस्न मद्दत गर्दछ । पशुवस्तुबाट अधिकतम उत्पादन लिन ।	४ बोलस प्रति स्ट्रिप	Aluminium strip	
१६	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	ट्राईको लिभ (TRICOLIV)	दानामा भएको पौष्टिक तत्वलाई शरिरमा सोस्न । कुखुराको कलेजोलाई दाना र पानीबाट आउने विकार तत्वबाट जोगाउन । कुखुराको शारीरिक वृदि विकास गर्न । कुखुराबाट अण्डा र मासुको अधिकतम उत्पादन लिन । कलेजोलाई स्वस्थ र मजबुत बनाउन । कुखुरामा अण्डा उत्पादन वृदि गर्दै चल्ला उत्पादन दर वृदि गर्न । कुखुरामा दाना रुपान्तरण अनुपात सुधार गर्न ।	१२० मि.लि, २५० मि.लि, ५०० मि. लि, १ लि., ५ लि., र २० लि.	Amber Pet bottle, HDPE bottle and HDPE Jar.	
१७	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	ट्राईको लिभ-भेट (TRICOLIV-VET)	पशुवस्तुको कलेजो स्वस्थ राख्नन । दाना पानीबाट आउन सक्ने विकार तत्वलाई निस्कृय पार्न । दानामा रहेको पौष्टिक तत्वलाई शरीरमा सोस्न मद्दत गर्दछ । पशुवस्तुबाट अधिकतम उत्पादन लिन ।	१२० मि.लि, २५० मि.लि, र ५०० मि. लि,	Amber Pet bottle, HDPE bottle and HDPE Jar.	
१८	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	ट्राईको लिभ-पेट (TRICOLIV-PET)	भोक बढाउँछ र ऊर्जा स्तर कायम राख्छ, त्यसैले खेल्ने समय सामान्य रूपमा जारी रहन्छ । कलेजो र तपाईंको घरपालुवा जनावरलाई तनावमुक्त र स्वस्थ राख्छ । पाचनशक्तिलाई उत्तेजित गर्छ । विकासलाई बढावा दिन्छ र कलेजोलाई सुरक्षित राख्छ ।	२०० मि.लि	Amber Pet bottle, HDPE bottle and HDPE Jar.	
१९	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	प्रिसिजन एक्वा (PRECISION AQUA)	कुखुरालाई खाने पानी शुद्धिकरण गरी पानीको गुणस्तर कायम राख्न । कुखुरामा पानीको माध्यमबाट सर्ने रोगहरुको नियन्त्रण गर्न । जस्तो सुकै वातावरणिय अवस्थामा पनि पानीको स्वच्छता कायम राख्नन ।	५०० मि. लि, १ लि., र ५ लि.	HDPE bottle and HDPE Jar.	
२०	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	गलाइक्याल सस्पेन्सन (GLYCAL SUSPENSION)	गाई भैंसीबाट अधिकतम दुध उत्पादन गर्न । गाई भैंसीमा Calcium, Phosphorus, Magnesium को कमी हुन नदिन । स्वस्थ गर्भधारणको लागि ।	५०० मि. लि, १ लि., २ लि., र ५ लि.,	HDPE bottle and HDPE MILKCAN Jar.	
२१	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	गलाइक्याल प्लस सस्पेन्सन (GLYCAL PLUS SUSPENSION)	गाई भैंसीबाट अधिकतम दुध उत्पादन गर्न । गाई भैंसीमा Calcium, Phosphorus, Magnesium को कमी हुन नदिन । स्वस्थ गर्भधारणको लागि ।	५०० मि. लि, १ लि., २ लि., र ५ लि.,	HDPE bottle and HDPE MILKCAN Jar.	
२२	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	गलाइक्याल गोल्ड सस्पेन्सन (GLYCAL GOLD SUSPENSION)	गाई-भैंसीको शारीरिक वृदि विकास गरी अधिकतम दुध उत्पादन गर्न । दुधे ज्वरो (मिल्क फिवर) हुन बाट गाई-भैंसीलाई जोगाउन । गाई-भैंसीमा बाँझोपन र गर्भधारणमा देखिने समस्या समाधान गर्न ।	५०० मि. लि, १ लि., २ लि., ५ लि., र १० लि.	HDPE bottle and HDPE MILKCAN Jar.	
२३	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	गलाइक्याल जेल (GLYCAL GEL)	गाई-भैंसीको शारीरिक वृदि विकास गरी अधिकतम दुध उत्पादन गर्न । दुधे ज्वरो (मिल्क फिवर) हुन बाट गाई-भैंसीलाई जोगाउन । गाई-भैंसीमा बाँझोपन र गर्भधारणमा देखिने समस्या समाधान गर्न ।	३०० ग्रा.	Long Neck HDPE Bottle.	

२४	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	क्लियरक्याल-पि ओरल (CLEARCAL-P ORAL SOLUTION)	कुखुराको अण्डा र अण्डाको खोलको गुणस्तर वृद्धि गर्न । हड्डीमा खनिजीकरणमा सहयोग गर्न । कुखुराबाट अधिकतम अण्डा उत्पादन लिन । Vitamin D3 र Manganese को कमीलाई परिपूर्ति गर्न । कुखुरामा देखिने Myopathy र Tenosynovitis जस्ता समस्याको समाधान गर्न । Calcium र Phosphorous को अनुपातलाई कायम राख्न । अण्डा चुक्ने समस्यालाई कम गर्न ।	५०० मि. लि, १ लि., ५ लि., र २० लि.	HDPE Bottle, HDPE MILKCAN Jar and HDPE Jar.	
२५	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	ट्रुस्टोन (TRUSTONE)	कुखुरामा रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्न । कुखुरा ओसार पोसार गर्दा, भ्याक्सीन लगाउँदा हुने तनाव कम गर्न । चल्ला उत्पादन दर वृद्धि गर्दै गुणस्तरीय चल्ला उत्पादन गर्न । शारीरिक वृद्धिविकास गरी अधिकतम उत्पादन लिन । कुखुराको दाना रुपान्तरण अनुपात सुधार गर्न । कुखुरामा Vitamin A, D3, E & C को अभाव न्यूनीकरण गर्न ।	५०० मि. लि, र १ लि.	HDPE bottle	
२६	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	केबि-प्लेक्स (KB-PLEX)	कुखुरामा भिटामिन-बि को कमीले हुने समस्या समाधान गर्न । Carbohydrate, Fat र Protein लाई शरीरमा सोस्न मद्दत गर्दछ । कुखुरामा दाना रुपान्तरण अनुपात सुधार गर्न । कुखुरामा देखिने Star gazing posture, Curled toe paralysis जस्ता समस्या समाधान गर्न । लेयर्स कुखुरामा अण्डा र ब्रोइलर कुखुरामा मासु उत्पादन बढ्ि गर्न ।	१२० मि.लि, ५०० मि. लि, १ लि., र ५ लि.,	Amber Pet Bottle & HDPE Bottle	
२७	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	के-भाइटोल (K-VITOL)	पशुवस्तुमा रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्न । अधिकतम दुध उत्पादन लिन । पशुवस्तुमा हुने तनाव कम गर्न । सुर्याक्षत स्वस्थ गर्भधारण कायम गर्न ।	३० मि.लि, ६० मि.लि, १२० मि.लि, २५० मि. लि, र ५०० मि. लि,	Amber Pet Bottle & HDPE Bottle	
२८	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	के भिट–ए (K VIT-A)	कुखुरामा रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्न । कुखुरामा प्रजनन् क्षमता वृद्धि गर्न । कुखुरामा शारीरिक वृद्धि विकास नहुने, प्वाँखको गुणस्तर कम हुने, लोती र सिउर फुस्रो हुने समस्या समाधान गर्न। कुखुरामा दाना रुपान्तरण अनुपात सुधार गर्न । कुखुरामा भिटामिन-ए को कमीलाई पुरा गर्न ।	२५० मि. लि, ५०० मि. लि, र १ लि.	HDPE Bottle	
२९	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	के-इसेल (K-ESEL)	कुखुरामा रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्न । कुखुराको गिजाड बिग्रीन नदिई, अण्डा भित्रै भ्रुण मर्न नदिन । कुखुरामा अण्डा उत्पादन वृद्धि गरी चल्ला उत्पादन दर वृद्धि गर्न । कुखुरामा देखिने white muscle disease को समस्या समाधान गर्न । कुखुरामा देखिने crazy chick disease को समस्या समाधान गर्न ।	१२० मि. लि, ५०० मि. लि, र १ लि.	Amber PET Bottle & HDPE Bottle	
३०	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	हेमएक्स (HEAMX)	कुखुराको शारीरिक वृद्धि विकास गर्न । कुखुरामा देखिने रक्तअल्पता, रिकेट्स, हड्डी कमजोर हुने समस्या समाधान गर्न । कुखुराको अण्डाको खोल पालतो आउने समस्या समाधान गर्न । कुखुरामा दाना रुपान्तरण अनुपात सुधार गर्न । कुखुराबाट अधिकतम अण्डा र मासु उत्पादन लिन ।	५०० मि. लि, १ लि. र ५ लि,	HDPE Bottle & HDPE Jar	
३१	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	टक्सीनिल प्लस (TOXINILL PLUS)	It is indicated against the infection with *Aspergillus, Fusarium, Penicillium* & Mycotoxicosis, Aflatoxicosis etc.	१००क मि. लि, २५० मि. लि, ५०० मि. लि, १ लि.	Amber Pet Bottle & HDPE Bottle	
३२	फिड सप्लिमेन्ट -पशु उत्पादन सामाग्री)	मेथिको- एल सि यम (METHICO-LCM)	गर्मीको तनाव कम गर्न र रोग प्रतिरोधात्मक क्षमता बढाउन मद्दत गर्न । सीमित एमिनो एसिडको कमीलाई पुरा गर्न । कुखुरामा दाना रुपान्तरण अनुपात सुधार गर्न । कुखुराबाट अधिकतम अण्डा र मासु उत्पादन लिन ।	२५० मि. लि, ५०० मि. लि, १ लि.	HDPE Bottle	

- उत्पादित औषधी तथा आहार पूरक पदार्थहरु उत्पादन गर्नुपूर्व प्रत्येक औषधिको प्रयोगशालामा आवश्यक अनुसन्धान तथा विकास गरी पशु स्वास्थमा प्रयोग गर्न योग्य भए पश्चात् मात्र उत्पादनको प्रक्रिया अगाडी बढाउने गरिएको छ ।
- नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय औषधि प्रयोगशाला (National Medicines Laboratory) बाट स्वीकृति प्राप्त जेष्ट ल्याबोरेटिज् एण्ड रिसर्च सेन्टर प्रा. लि. (Zest Laboratories & Research Center (P) Ltd.), नेपाल रिसर्च फाउण्डेशन प्रा. लि. (Nepal Research Foundation Pvt. Ltd.), ग्लोबल रिफरेन्स ल्याबोरेटोरिज प्रा.लि. (Global Reference Laboratories Pvt. Ltd.), मल्टी फर्मास्यूटिकल ल्याबोरेटोरिज प्रा.लि. मार्फत् यस कम्पनीबाट उत्पादित औषधिको गुणस्तर परीक्षण गरेर मात्र बिक्री वितरणमा ल्याउने गरिएको छ ।
- कम्पनीले हाल सोलिड (टयाब्लेट र क्याप्सुल), लिक्विड (सिरप र सस्पेन्सन), ड्राई पाउडर र माल्ट गरी जम्मा ४ Dosage Form का १०२ वटा अलग अलग एलापेथिक औषधिको उत्पादन गर्ने अनुमति प्राप्त गरेको छ र हाल ६२ वटा औषधिहरु बजारमा बिक्री वितरण गर्दै आइरहेको छ । साथै कम्पनीले ३२ प्रकारका फिड सप्लिमेन्टस्हरु विभिन्न प्याकहरुमा उत्पादन गरी बजारमा विक्री वितरण गर्दै आएको छ ।
- कम्पनीले औषधि व्यवस्था विभागबाट विश्व स्वास्थ्य संगठनको मापदण्डमा आधारित औषधिको कुशल उत्पादन अभ्यास प्रमाणपत्र (Certificate of Good Manufacturing Practices) र National Good Manufacturing Practices , Feed Additives and PreMixtures Quality System (FAMIQS) प्रमाण पत्र प्राप्त गर्नका लागि India को IRCLASS System and Solution कम्पनी संग सम्झौता गरेको छ ।

औषधि उत्पादन तथा गुणस्तर व्यवस्थापनसम्बन्धी प्रविधि



कान्तिपुर फर्मास्युटकिल्स ल्याव लि.ले अपनाएको बिक्री तथा वितरण मोडल (Selling & Distribution Model)

कान्तिपुर फर्मास्युटकिल्स ल्याव लि ले आफ्ना उत्पादनहरूको प्रभावकारी बजार विस्तार तथा बिक्री वृद्धि गर्न व्यवसाय देखि व्यवसाय (Business to Business-B2B) र व्यवसाय देखि उपभोक्ता (Business to Consumer-B2C) दुवै समेटिएको Hybrid Omni-Channel Selling & Distribution Model अपनाएको छ। यस मोडेल अन्तर्गत कम्पनीले प्रत्यक्ष (Direct) र अप्रत्यक्ष (Indirect) दुवै वितरण प्रणालीलाई सन्तुलित रूपमा प्रयोग गर्दछ। प्रत्यक्ष बिक्री (Direct to Consumer-D2C) मार्फत कान्तिपुर फर्मास्युटकिल्स ल्याव लिमिटेडले आफ्नै माध्यमहरू–जस्तै आफ्नै सोरुम, बिक्री प्रतिनिधि तथा सम्भावित डिजिटल प्लेटफर्म–बाट सिधै ग्राहकसम्म उत्पादन पुऱ्याउँछ, जसले गर्दा नाफा मार्जिन उच्च रहन्छ र ग्राहकको आवश्यकता तथा प्रतिक्रिया प्रत्यक्ष रूपमा बुझ्न सकिन्छ।

यसका साथै, कान्तिपुर फर्मास्युटकिल्स ल्याव लिमिटेडले देशव्यापी पहुँच सुनिश्चित गर्न अप्रत्यक्ष वितरण प्रणाली अपनाएको छ, जसमा कम्पनीबाट उत्पादित वस्तुहरू वितरक, थोक विक्रेता तथा एग्रोभेट/खुद्रा पसलहरू हुँदै अन्तिम ग्राहक (किसान) सम्म पुग्छन्। विशेषगरी नेपालमा किसानहरूले पशु औषधि तथा सप्लिमेन्टहरू स्थानीय एग्रोभेटबाट खरिद गर्ने प्रवृत्ति भएकाले यो च्यानल अत्यन्त प्रभावकारी मानिन्छ। एग्रोभेटहरूले किसानलाई प्राविधिक सल्लाह दिनुका साथै आवश्यक पर्दा उधारोमा सामान उपलब्ध गराउने भएकाले बिक्री वृद्धिमा सकारात्मक प्रभाव पर्छ।

कान्तिपुर फर्मास्युटकिल्स ल्याव लिमिटेडको हाइब्रिड मोडेल अन्तर्गत कम्पनीले ग्राहकको प्रकृति अनुसार फरक रणनीति अपनाउँछ। ठूला व्यावसायिक ग्राहकहरू जस्तै पोल्ट्री फार्म, ह्याचरी तथा डेरी फार्महरूसँग कम्पनीले प्रत्यक्ष Business to Business-B2B सम्बन्ध स्थापना गरी ठूलो परिमाणमा उत्पादन आपूर्ति गर्छ, जसले एकैपटक उच्च बिक्री सुनिश्चित गर्दछ र मूल्य प्रतिस्पर्धात्मक बनाउन सहयोग पुऱ्याउँछ। अर्कोतर्फ, साना तथा खुद्रा ग्राहकहरूका लागि कम्पनीले वितरक र डिलर सञ्जालमार्फत बजारमा पहुँच विस्तार गर्छ।

यसरी कान्तिपुर फर्मास्युटकिल्स ल्याव लि को Hybrid Omni–Channel तथा Technical Push आधारित वितरण रणनीतिले बजारमा व्यापक पहुँच, स्थायी ग्राहक सम्बन्ध, उच्च बिक्री परिमाण तथा दीर्घकालीन व्यवसायिक वृद्धि सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्दछ। साथै कम्पनीले देशका विभिन्न स्थानमा आधिकारिक बिक्री तथा वितरकहरु नियुक्त गरेको तालिका देहाय बमोजिम रहेको छ।

क्र.स.	कम्पनीको नाम	ठेगाना	सम्झौता
१	ओझा भेट्स	इटहरी	२०८२-०५-०१
२	विश्वास भेटेरिनरी सप्लायर्स	चितवन	२०८१-०७-२७
३	जीवन भेटेरिनरी एण्ड एग्रो सेन्टर	चितवन	२०८१-०५-२४
४	अन्नपूर्ण एग्रोभेट	काठमाडौँ	२०८१-०४-२७
५	चितवन भेट फार्मा	चितवन	२०८१-०४-२२
६	सदाबहार एग्रोभेट	बिर्तामोड	२०८१-०४-२८
७	कोइराला भेटेरिनरी औषधि पसल	इटहरी	२०८१-०४-११
८	धरान पशु औषधि पसल	इटहरी	२०८१-०४-२१
९	निपो भेट्स	बिर्तामोड	२०८१-०४-२०
१०	आश्ना मेडिकल लाइफ साइन्स	काठमाडौँ	२०८१-०४-१७
११	भेटेरिनरी मेडिसिन वर्ल्ड	इटहरी	२०८१-०१-२८
१२	हरी ओम भेट्स फार्मा	इटहरी	२०८१-०१-२८
१३	मल्टी एग्रोभेट प्रा. लि.	काठमाडौँ	२०८१-०१-२१
१४	बजिमाया भेट फार्मा	काठमाडौँ	२०८१-०१-१८
१५	मामा भान्जा भेट फार्मा	चितवन	२०८१-०१-१८
१६	इटहरी भेटेरिनरी	इटहरी	२०८१-०१-०४
१७	गर्तौला भेट फार्मा	बिर्तामोड	२०८०-१२-२५

कम्पनीको वित्तीय परिसूचकः

लगानी फिर्ता हुने अवधि, इन्टर्नल रेट अफ रिर्टन तथा नेट प्रजेण्ट भ्यालूको गणना तालिका

रकम रु. मा

वर्ष	आम्दानी	विक्री लागत	अन्य आम्दानी	प्रशासनिक तथा विक्री वितरण व्याज	मुल्य ह्रास	लाभांस	नाफा अघिको कर	कर	खुद नाफा	मुल्य ह्रास	थप लगानी	नगद प्रवाह
२०८१/८२												(७६९,१७६,७४९)
२०८२/८३	५३४,०६९,९५८	२६७,१९१,४८९	२७१,६४६	१३२,९११,५८३	३३,२१९,०३५	७,२४५,८८३	९३,७७३,६१५	४,४९३,५५३	८९,२८०,०६२	३३,२१९,०३५	(२९,५३५,९३३)	९२,९६३,१६३
२०८३/८४	६२९,१६९,९२६	३१३,७५३,७८६	५०५,९०६	१३४,७९३,१२२	३५,१३०,७९५	१३,२७२,५५७	१३२,७२५,५७३	६,५६५,१८९	१२६,१६०,३८४	३५,१३०,७९५	(४०,०००,०००)	१२१,२९१,१७९
२०८४/८५	७५५,००३,९११	३७४,४७५,८२७	५९७,७६०	१५०,७६१,८२१	३५,४३१,९५९	१७,७२१,०९७	१७७,२१०,९६७	९,६७८,२०६	१६७,५३२,७६१	३५,४३१,९५९	-	२०२,९६४,७२०
२०८५/८६	८३०,५०४,३०२	४०९,३००,३५५	७०६,८६४	१६३,६७१,०१७	३४,९७८,१३३	२०,२९६,५१५	२०२,९६५,१४७	११,५८८,९१०	१९१,३७६,२३६	३४,९७८,१३३	-	२२६,३५४,३६९
२०८६/८७	९१३,५५४,७३३	४४७,३४२,४७६	८३६,५३५	१७७,८६८,२४३	३४,६७५,८४०	२३,१३६,७९२	२३१,३६७,९१८	१३,६१३,२७५	२१७,७५४,६४३	३४,६७५,८४०	-	२५२,४३०,४८२
२०८७/८८	९५९,२३२,४६९	४७०,०२३,९१०	८५३,२६६	१९४,७६१,६५५	३२,२४७,८१६	२३,९१३,८५०	२३९,१३८,५०४	४७,८२७,७०१	१९१,३९०,८०४	३२,२४७,८१६	(२०,०००,०००)	२०३,५५८,६१९
२०८८/८९	१,००७,१९४,०९३	४९३,५२५,१०५	८७०,३३२	२०४,४९९,७३८	३२,१३१,३७६	२५,२६४,३८२	२५२,६४३,८२२	५०,५२८,७६४	२०२,११५,०५८	३२,१३१,३७६	-	२३४,२४६,४३४
२०८९/९०	१,०५७,५५३,७९७	५१८,२०१,३६१	८८७,७३८	२१४,७२४,७२५	३०,४६१,०१२	२६,८२३,१३१	२६८,२३१,३०७	५३,६४६,२६१	२१४,५८५,०४६	३०,४६१,०१२	-	२४५,०४६,०५८
२०९०/९१	१,११०,४३१,४८७	५४४,१११,४२९	९०५,४९३	२२५,४६०,९६१	२९,१३२,९७६	२८,४२१,०५६	२८४,२१०,५५९	५६,८४२,११२	२२७,३६८,४४७	२९,१३२,९७६	-	२५६,५०१,४२३
२०९१/९२	१,१६५,९५३,०६२	५७१,३१७,०००	९२३,६०३	२३६,७३४,००९	२७,५१०,२३७	३०,११९,५८३	३०१,१९५,८३५	६०,२३९,१६७	२४०,९५६,६६८	२७,५१०,२३७	-	२६८,४६६,९०५
२०९२/९३	१,१७७,६१२,५९२	५७७,०३०,१७०	९३२,८३९	२५९,१०१,३४९	२६,८८३,५७८	२८,६८४,५७६	२८६,८४५,७५८	५७,३६९,१५२	२२९,४७६,६०६	२६,८८३,५७८	(५०,०००,०००)	२०६,३६०,१८५
२०९३/९४	१,१८९,३८८,७१८	५८२,८००,४७२	९४२,१६७	२६१,६९२,३६३	२७,६७०,३३५	२८,९२४,३३८	२८९,२४३,३७८	५७,८४८,६७६	२३१,३९४,७०२	२७,६७०,३३५	-	२५९,०६५,०३८
२०९४/९५	१,२०१,२८२,६०५	५८८,६२८,४७७	९५१,५८९	२६४,३०९,२८६	२७,६७०,३३५	२९,२३८,७३६	२९२,३८७,३६०	५८,४७७,४७२	२३३,९०९,८८८	२७,६७०,३३५	-	२६१,५८०,२२३
२०९५/९६	१,२९३,२९५,४३२	५९४,५१४,७६१	९६१,१०५	२६६,९५२,३७९	२७,६७०,३३५	२९,५५६,२७८	२९५,५६२,७८२	५९,११२,५५६	२३६,४५०,२२६	२७,६७०,३३५	-	२६४,१२०,५६१
२०९६/९७	१,२२५,४२८,३८६	६००,४५९,९०९	९७०,७१६	२६९,६२१,९०३	२७,०३४,७३३	२९,९३४,७७८	२९९,३४७,७७९	५९,८६९,५५६	२३९,४७८,२२३	२७,०३४,७३३	-	२६६,५१२,९५६
२०९७/९८	१,२३७,६८२,६७०	६०६,४६४,५०८	९८०,४२३	२९२,३१८,१२२	२५,७३७,८७४	२८,५५८,४१७	२८५,५८४,१७२	५७,११६,८३४	२२८,४६७,३३८	२५,७३७,८७४	(५०,०००,०००)	२०४,२०५,२११
२०९८/९९	१,२५०,०५९,४९६	६१२,५२९,१५३	९९०,२२७	२९५,२४१,३०३	२६,२९४,५१९	२८,८१६,७९५	२८८,१६७,९५३	५७,६३३,५९१	२३०,५३४,३६३	२६,२९४,५१९	-	२५६,८२८,८८१
२०९९/००	१,२६२,५६०,०९१	६१८,६५४,४४५	१,०००,१२९	२९८,१९३,७१६	२५,८१८,०४९	२९,१७२,१८३	२९१,७२१,८२९	५८,३४४,३६६	२३३,३७७,४६३	२५,८१८,०४९	-	२५९,१९५,५११
२१००/०१	१,२७५,१८५,६९२	६२४,८४०,९८९	१,०१०,१३१	३०१,१७५,६५३	२५,५४५,७४८	२९,५१२,१३०	२९५,१२१,३०२	५९,०२४,२६०	२३६,०९७,०४२	२५,५४५,७४८	-	२६१,६४२,७९०
२१०१/०२	१,२८७,९३७,५४९	६३१,०८९,३९९	१,०२०,२३२	३०४,१८७,४१०	१८,०८४,०८७	३०,५०८,८०८	३०५,०८८,०७७	६१,०१७,६१५	२४४,०७०,४६२	१८,०८४,०८७	-	२६२,१५४,५४९
२१०२/०३	१,३००,८१६,९२५	६३७,४००,२९३	१,०३०,४३४	३२७,२२९,२८४	१६,६७७,५४१	२९,१४०,०२२	२९१,४००,२२०	५८,२८०,०४४	२३३,१२०,१७६	१६,६७७,५४१	(५०,०००,०००)	१९९,७९७,७१६
२१०३/०४	१,३१३,८२५,०९४	६४३,७७४,२९६	१,०४०,७३९	३३०,५०१,५७७	१५,९७८,५६४	२९,५१०,१२७	२९५,१०१,२६९	५९,०२०,२५४	२३६,०८१,०१५	१५,९७८,५६४	-	२५२,०५९,५७९
२१०४/०५	१,३२६,९६३,३४५	६५०,२१२,०३९	१,०५१,१४६	३३३,८०६,५९२	१५,१९३,६३२	२९,८९१,११२	२९८,९११,११६	५९,७८२,२२३	२३९,१२८,८९३	१५,१९३,६३२	-	२५४,३२२,५२५
२१०५/०६	१,३४०,२३२,९७८	६५६,७१४,१५९	१,०६१,६५८	३३७,१४४,६५८	१५,१९३,६३२	३०,२०३,८३५	३०२,०३८,३५१	६०,४०७,६७०	२४१,६३०,६८१	१५,१९३,६३२	-	२५६,८२४,३१३
२१०६/०७	१,३५३,६३५,३०८	६६३,२८१,३०१	१,०७२,२७४	३४०,५१६,१०५	१५,१९३,६३२	३०,५१९,६८६	३०५,१९६,८५८	६१,०३९,३७२	२४४,१५७,४८७	१५,१९३,६३२	-	२५९,३५१,११९

२१०७/०८	१,३६७,१७१,६६१	६६९,९१४,११४	१,०८२,९९७	३६३,९२१,२६६	१५,५०२,६७३	२८,९९२,४१९	२८९,९२४,१८६	५७,९८४,८३७	२३१,९३९,३४९	१५,५०२,६७३	(५०,०००,०००)	१९७,४४२,०२२
२१०८/०९	१,३८०,८४३,३७८	६७६,६१३,२५५	१,०९३,८२७	३६७,५६०,४७९	१६,०९३,६३२	२९,२४२,७१३	२९२,४२७,१२६	५८,४८५,४२५	२३३,९४१,७०१	१६,०९३,६३२	-	२५०,०३५,३३३
२१०९/१०	१,३९४,६५१,८१२	६८३,३७९,३८८	१,१०४,७६५	३७१,२३६,०८३	१६,०९३,६३२	२९,५४९,७७०	२९५,४९७,७०३	५९,०९९,५४१	२३६,३९८,१६२	१६,०९३,६३२	-	२५२,४९१,७९५
२११०/११	१,४०८,५९८,३३०	६९०,२१३,१८२	१,११५,८१३	३७४,९४८,४४४	१६,०९३,६३२	२९,८५९,८९९	२९८,५९८,९८६	५९,७१९,७९७	२३८,८७९,१८९	१६,०९३,६३२	-	२५४,९७२,८२१
२१११/१२	१,४२२,६८४,३१३	६९७,११५,३१३	१,१२६,९७१	३७८,६९७,९२९	१६,०९३,६३२	३०,१७३,१२८	३०१,७३१,२८१	६०,३४६,२५६	२४१,३८५,०२५	१६,०९३,६३२	२४०,९६०,३४२	४९८,४३८,९९९

कूल वर्तमान मूल्य	**१,५९९,८६६,७५८**
आन्तरिक प्रतिफल दर (IRR)	**२४.२७%**
लगानी फिर्ता हुने अवधि	**४.५**
डिस्काउन्टेड लगानी फिर्ता हुने अवधि	**५.७१**
लागत अनुपातको फाईदा	**९.४७%**
ऋण स्वपूँजीको अनुपात (Debt Equity Ratio)	**२४.२१%**

१. परियोजना सार्वजनिक निष्काशनको मितिभन्दा अगावै सञ्चालनमा आइसकेको हुँदा, आन्तरिक प्रतिफल दर (IRR), खुद वर्तमान मूल्य (NPV) तथा लगानी फिर्ता अवधि (Payback Period) गणना गर्ने प्रयोजनका लागि आर्थिक वर्ष २०८१/८२ को अन्त्यमा कायम सम्पत्ति, प्लान्ट तथा उपकरण (Property, Plant and Equipment) को ह्रासपछिको Book Value (Written–down Value – WDV) लाई प्रारम्भिक लगानी Cash out Flow का रूपमा लिइएको छ ।

२. आर्थिक वर्ष २०८२/८३ देखि २०८६/८७ सम्मको नगद प्रवाह (Cash Inflows) प्रक्षेपित तथ्याङ्कका आधारमा निर्धारण गरिएको छ। आर्थिक वर्ष २०८७/८८ देखि २०९५/९६ सम्म बिक्री तथा अन्य लागतमा वार्षिक ५% का दरले वृद्धि हुने र त्यसपश्चात् वार्षिक १% का दरले वृद्धि हुने अनुमान गरिएको छ । आर्थिक वर्ष २०८६/८७ को प्रक्षेपण अवधि पश्चात् बिक्री परिमाण स्थिर रहने र बिक्री मूल्यमा वृद्धि हुने आधारमा बिक्री रकममा वृद्धि हुने अनुमान गरिएको छ ।

३. आर्थिक वर्ष २०८६/८७ देखि सकल नाफा मार्जिन (Gross Margin) ५१% मा स्थिर रहने अनुमान गरिएको छ ।

४. आर्थिक वर्ष २०८७/८८ देखि प्रत्येक पाँचौं वर्षमा थप लगानी गरिने अनुमान गरिएको छ । उक्त थप लगानीमध्ये ६०% मेसिन प्रतिस्थापन (पूँजीगत खर्च - CAPEX) तथा ४०% मेसिन मर्मतसम्भार (खर्च) र चालु पुँजीका लागि उपयोग हुने अनुमान गरिएको छ ।

५. अन्तिम मूल्य (Terminal Value) आर्थिक वर्ष २१११/१२ को वित्तीय वर्ष अन्त्यमा कायम सम्पत्ति, प्लान्ट तथा उपकरण (PPE) को Book Value का आधारमा निर्धारण गरिएको छ ।

(ऊ) **संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

(ए) **अन्य विवरणहरु :**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :**

कम्पनीले निर्धारित कार्ययोजनाअनुसार उत्पादन, गुणस्तर नियन्त्रण, बजार विस्तार तथा नियामक अनुपालनका क्षेत्रमा सन्तोषजनक प्रगति गरेको छ । कम्पनीले लागू कानुन, GMP मापदण्ड तथा औषधि व्यवस्था विभाग (DDA) का निर्देशनहरूको पालना गर्दै विभिन्न १०२ प्रकारका पशुचिकित्सा औषधि Allopathic उत्पादन गर्दै आएको छ साथै ३२ प्रकारका पशु आहारपुरक बस्तुहरु (Feed Supplements) को उत्पादन तथा बिक्री वितरण गर्दै आएको छ । साथै थप विभिन्न औषधि तथा पशु आहारपुरक बस्तुहरुको अनुसन्धान तथा विकास सम्बन्धी कार्य गर्दै आएकोछ ।

आगामी दिनहरूमा कम्पनीले उत्पादन क्षमता अभिवृद्धि, नयाँ उत्पादनहरूको दर्ता तथा बिक्री वितरण, बिक्री सञ्जाल विस्तार, प्रविधि आधुनिकीकरण तथा मानव संसाधन विकासमा जोड दिने लक्ष्य लिएको छ । साथै, जोखिम व्यवस्थापन, लागत नियन्त्रण, सुशासन तथा संस्थागत सामाजिक उत्तरदायित्वलाई थप सुदृढ गर्दै दीगो र प्रतिस्पर्धी व्यवसायिक वृद्धि हासिल गर्ने दिशामा कम्पनी अग्रसर रहेको छ ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :**

नेपालको औषधि उद्योग बिस्तारै आधुनिकीकरण हुँदै गइरहेको छ, जसमा कान्तिपुर फार्मास्युटिकल ल्याब लिमिटेडले औषधिको गुणस्तर, उत्पादन दक्षता र अन्तर्राष्ट्रिय मापदण्डहरूको अनुपालनलाई बढाउन उन्नत प्रविधिहरूलाई एकीकृत गरिरहेको छ । हाल प्रयोगमा रहेका मुख्य प्रविधिहरू तल दिइएका छन् ।

२.१ स्वच्छ कक्ष प्रबिधि (Clean Room Technology)

स्वच्छ कक्षले धुलो, सूक्ष्मजीवहरू र अन्य प्रदूषकहरूलाई नियन्त्रण गरेर प्रदूषणमुक्त वातावरण सुनिश्चित गर्दछ । यो उच्च क्षमता High-Efficiency Particulate Air (HEPA) filters, Laminar Air Flow Systems लामिनार एयर फ्लो प्रणालीहरू, र नियन्त्रित वायु दावाव प्रणालीहरूको प्रयोगले सुसज्जित छ जसले औषधी निर्माणको लागि आवश्यक स्वच्छ वातावरण (Sterile environment) कायम राख्छ ।

२.२ उच्च क्षमता तरल क्रोमेटोग्राफी High–Performance Liquid Chromatography (HPLC)

औषधीय यौगिकहरूको पहिचान, परिमाण निर्धारण र शुद्धता प्रमाणीकरणको लागि प्रयोग गरिन्छ ।
यसले अशुद्धता पत्ता लगाएर र औषधीको स्थिरता कायम गरेर कच्चा पदार्थ र तयार उत्पादनहरूको गुणस्तर सुनिश्चित गरिन्छ ।

२.३ पास बक्स (Pass Box) Technology

स्वच्छ र गैर-स्वच्छ क्षेत्रहरू बीचको नियन्त्रित स्थानान्तरण कक्ष, जसले क्रस-कन्ट्यामिनेशन (Cross Contamination) लाई रोक्दछ । यसबाट कच्चा सामग्रीहरू महत्वपूर्ण वातावरणमा मानवीय हस्तक्षेप बिना सुरक्षित रूपमा पास हुन्छन् ।

२.४ पानी प्रशोधन प्रणालीहरू

औषधि उत्पादनको लागि शुद्ध पानीको उपलब्धता सुनिश्चित गर्दछ । यसमा राम्रो निर्माण अभ्यास (GMP) मापदण्डहरू पूरा गर्न आवश्यक प्रणाली रिभर्स ओस्मोसिस (RO), पराबैंगनी (UV) sterilization, र Electronic Deionization समावेश छ ।

२.५ राम्रोसँग सुसज्जित गुणस्तर नियन्त्रण (QC) प्रयोगशाला

औषधीहरूको रासायनिक र सूक्ष्मजैविक गुणहरू परीक्षण गर्न ग्यास क्रोमेटोग्राफी (GC), फोरियर ट्रान्सफर्म इन्फ्रारेड स्पेक्ट्रोस्कोपी (FTIR), र यूभी-भिजुअल स्पेक्ट्रोस्कोपी जस्ता उन्नत उपकरणहरू राखिएको छ ।

२.६ प्याकेजिङमा स्वचालन प्रबिधि

स्वचालित प्याकेजिङ प्रणालीहरूले दक्षता, परिशुद्धता र नियामक मापदण्डहरूको अनुपालनलाई बढाउँछन्।
उत्पाद सुरक्षा र traceability सुनिश्चित गर्न ब्लिस्टर प्याकेजिङ, स्ट्रिप प्याकेजिङ, र स्वचालित लेबलिंग मेसिनहरू समावेश गरेको छ ।

२.७ HVAC (Heating, Ventilation, and Air Conditioning) Systems Technology

स्थिर उत्पादन वातावरण सुनिश्चित गर्न तापमान, आर्द्रता र वायुप्रवाह नियन्त्रण कायम गर्दछ ।
प्रदूषणलाई रोक्छ, औषधीको प्रभावकारिता सुनिश्चित गर्दछ ।

२.८ तापक्रम तथा आर्द्रता कक्ष

विभिन्न तापक्रम र आर्द्रता परिस्थितिहरूमा औषधीको स्थिरता परीक्षण गर्नको लागि नियन्त्रित वातावरण कक्ष प्रविधि को प्रयोगले औषधीहरूको शेल्फ लाइफ र प्रभावकारिता सुनिश्चित गर्न सहयोग गर्दछ ।

२.९ **Spectra lab Microcontroller-Based Conductivity Meter** यो प्रविधीले औषधि निर्माणमा प्रयोग हुने पानीको (Conductivity) चालकता र शुद्धता मापन गर्दछ । साथै फार्माकोपिया लगायतका मापदण्डहरूको अनुपालन सुनिश्चित गर्दछ ।

समयअनुसार आधुनिकीकरण गर्ने क्रममा कान्तिपुर फर्मास्युटिकल्स ल्यावले नेपालको औषधि क्षेत्रको विकाससँगै, उत्पादकत्व, अनुपालन र विश्वव्यापी प्रतिस्पर्धात्मकता बढाउन धेरै उन्नत प्रविधिहरू अपनाउने लक्ष लियको छ ।

२.१० **औषधि विकासमा आर्टिफिसियल इन्टेलिजेन्स (AI) र मेसिन लर्निङ (ML) प्रबिधिको प्रयोग ।**
औषधि निर्माण र गुणस्तर आश्वासनको लागि AI संचालित भविष्यवाणी गर्ने मोडेलहरू ।
औषधि संरचनामा विसंगतिहरू पत्ता लगाउन र उत्पादन प्रक्रियाहरूलाई अनुकूलन गर्न ML एल्गोरिदमहरू । प्रयोग गरी आधुनिकिकरण गर्दै लाने योजना रहेको छ ।

२.१० **Robotic Process Automation (RPA) in Manufacturing and QC**
यो प्रबिधिको प्रयोगले तौल, मिश्रण, र प्याकेजिङ्गलाई स्वचालित गरेर मानवीय त्रुटिहरू कम गर्दछ ।औषधि परीक्षण र प्रमाणीकरणमा शुद्धता बढाउँछ ।

२.११ **Continuous Manufacturing (CM): निरन्तर निर्माण**

(Continuous Manufacturing (CM) औषधि उत्पादनमा एक परिवर्तनशील दृष्टिकोण हो, जसले परम्परागत ब्याच प्रक्रिया (batch processing) बाट एउटा निरन्तर र बिना अवरोध प्रक्रिया तर्फको परिवर्तनलाई प्रतिनिधित्व गर्छ । ब्याच निर्माणमा उत्पादन पूर्वनिर्धारित चरणहरूमा सम्पन्न हुन्छ, जबकि CM मा कच्चा पदार्थहरू निरन्तर प्रवाहमा परस्पर जडित प्रक्रियाहरू मार्फत अन्तिम उत्पादनमा रूपान्तरण हुन्छ । जसको प्रयोगले,उत्पादन समय र लागत घटाउँछ, गुणस्तर सुनिश्चित गर्दछ र स्केलेबिलिटी बढाउँछ ।

उद्योगले हाल प्रयोग गरेका मापदण्डहरू (Current Standards and Practices)

GMP Guidelines from the Department of Drug Administration (DDA), Nepal: प्रमाणपत्र, नेपालका औषधि उत्पादन कम्पनीहरूका लागि नेपाल सरकारको औषधि प्रशासन विभाग (DDA) द्वारा जारी गरिन्छ । यसले औषधि उत्पादन प्रक्रियामा उच्च गुणस्तर, सुरक्षा, र प्रभावकारिता सुनिश्चित गर्दछ । GMP प्रमाणपत्रले नेपालको औषधि उद्योगलाई WHO–GMP जस्ता अन्तर्राष्ट्रिय मापदण्डहरूको स्तरमा पुऱ्याउन मद्दत गर्दछ ।

भविष्यमा लागू गरिने मापदण्ड :

एलोपेथिक औषधि तर्फ

WHO–GMP: WHO–GMP औषधि उत्पादन, भण्डारण, र वितरणका लागि विश्वव्यापी मापदण्ड हो, जसले गुणस्तर, सुरक्षा, र प्रभावकारिता सुनिश्चित गर्दछ । यसले अन्तर्राष्ट्रिय अभ्यासमा सामञ्जस्यता ल्याउँदै औषधिनिर्यातलाई सहज बनाउँछ ।

आहार पुरक (Feed Supplements) इकाइ तर्फ

FAMIQs फिड र औषधि उद्योगको लागि विशेष रूपमा डिजाइन गरिएको गुणस्तर र सुरक्षा (HACCP) व्यवस्थापन प्रणाली हो । यसले कम्पनीहरूले फिड एडिटिभ, प्रि-मिक्स, र औषधि सामग्रीहरूको उत्पादनमा राम्रो निर्माण अभ्यासहरू (GMP), खतरा विश्लेषण र महत्वपूर्ण नियन्त्रण बिन्दुहरू (HACCP_, र जोखिम व्यवस्थापन प्रोटोकलहरू पालना गरेको सुनिश्चित गर्दछ । यो अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त प्रमाणीकरण हो जसले फिड र कच्चा पदार्थहरूको सुरक्षित, कानूनी र उच्च-गुणस्तरको उत्पादनको ग्यारेन्टी दिन्छ ।

FamiQS का उपयोगहरू:

FamiQS पशु फिडमा प्रयोग हुने कच्चा पदार्थ र सामग्रीहरू सुरक्षित, दूषित-मुक्त छन् र गुणस्तर मापदण्डहरू पूरा गरेको सुनिश्चित गर्दछ । अन्तर्राष्ट्रिय नियमहरूको अनुपालन: यसले कम्पनीहरूलाई युरोपेली संघ (EU) नियमहरू, विश्व स्वास्थ्य संगठन (WHO) दिशानिर्देशहरू, र अन्य विश्वव्यापी सुरक्षा मापदण्डहरूको अनुपालन गर्न मद्दत गर्दछ। संयुक्त राज्य अमेरिका, युरोप र जापान जस्ता विनियमित बजारहरूमा उत्पादनहरू निर्यात गर्नको लागि आवश्यक छ । कच्चा पदार्थ सोर्सिङमा जोखिम व्यवस्थापन: आपूर्ति श्रृंखलामा प्रदूषण रोक्नको लागि खतराहरू र महत्वपूर्ण नियन्त्रण बिन्दुहरू Hazard Analysis and Critical Control Point (HACCP) पहिचान गर्दछ । माइक्रोबियल प्रदूषण, भारी धातुहरू, विषाक्त पदार्थहरू, र रासायनिक अशुद्धताहरू सम्बन्धित जोखिमहरू कम गर्दछ ।

Traceability र पारदर्शितामा सुधार: प्रत्येक सामग्री र प्रक्रिया रेकर्ड गरिएको सुनिश्चित गर्दछ, उत्पादनदेखि वितरणसम्म उत्पादनहरू ट्र्याक गर्न सजिलो बनाउँछ । रिकल, लेखा परीक्षण, र गुणस्तर निरीक्षणहरूमा उपयोगी छ ।

उत्पादन दक्षता बढाउने: मानकीकृत प्रक्रियाहरूले राम्रो गुणस्तर नियन्त्रण र कम फोहोरमा पुऱ्याउँछ । स्वचालन र प्रक्रिया नियन्त्रणले कम्पनीहरूलाई दक्षता सुधार गर्न र उत्पादन लागत घटाउन मद्दत गर्दछ ।

उपभोक्ता र नियामकहरू बीच विश्वास निर्माण: FamiQS प्रमाणीकरणले ग्राहकहरू, सरोकारवालाहरू, र सरकारी एजेन्सीहरूलाई आश्वासन दिई उत्पादनहरूले उच्चतम सुरक्षा मापदण्डहरू पूरा गर्छन्। बजार प्रतिष्ठा र व्यवसाय विश्वसनीयता प्राप्त गर्न मद्दत गर्दछ ।

FamiQS का फाइदाहरू:

उच्च बजार प्रतिस्पर्धात्मकता: FamiQS प्रमाणीकरण भएका फिड उत्पादकहरूले आफ्ना उत्पादनहरू विश्वव्यापी रूपमा निर्यात गर्न सक्छन्, जसले उच्च राजस्व र अन्तर्राष्ट्रिय साझेदारीको ढोका खोल्दछ ।

प्रदूषण र रिकलको कम जोखिम: कडा गुणस्तर मापदण्डहरू कायम गरेर कम्पनीहरूलाई महँगो उत्पादन रिकल र कानूनी मुद्दाहरूबाट बच्न मद्दत गर्दछ ।

उत्तम आपूर्तिकर्ता र ग्राहक सम्बन्ध: FamiQS ले केवल उच्च-गुणस्तरको कच्चा पदार्थहरू प्रयोग गरेको सुनिश्चित गर्दछ, आपूर्तिकर्ताहरू, उत्पादकहरू र ग्राहकहरू बीचको सम्बन्ध सुधार गर्दछ ।

स्थायित्व र वातावरणीय लाभहरू: वातावरण मैत्री उत्पादन अभ्यासहरूलाई प्रोत्साहन गर्दछ, फोहोर, प्रदूषण, र स्रोत खपत कम गर्दछ ।

नेपालको फिड उद्योगलाई समर्थन गर्दछ: नेपाली पशु फिड कम्पनीहरूले आफ्नो विश्वव्यापी निर्यात क्षमता र नियामक अनुपालनमा सुधार गरेर FamiQS बाट लाभ उठाउन सक्छन् ।

(३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :

यस कम्पनीले आफूले उत्पादन गर्ने औषधीहरुलाई बजारमा अलग पहिचान बनाउने उद्देश्यले त्यसको नामाकरण गर्ने नीति लिएको छ । कम्पनीको आफ्नो अलग ब्राण्ड होस् र त्यसमा प्रयोगकर्ताहरुलाई कम्पनीको नाम र उत्पादित औषधीको बारेमा स्पष्टसँग जानकारी हुन सकोस् भन्ने कम्पनीको अभिप्राय रहेको छ । त्यसकालागि कम्पनीको अनुसन्धान तथा विकास विभागबाट अनुसन्धान गरी पारित भएको औषधिको आधिकारिक उत्पादन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, औषधि व्यवस्था विभागमा औषधि उत्पादन अनुज्ञापत्र (Product Manafucturing License) को लागि आवेदन दिने गर्दछ । त्यसअघि, कम्पनीले एउटा औषधिको लागि केही नामहरु औषधि व्यवस्था विभागको DAMS Software (Drug Administration & Management System) मा प्रवृष्टि गरी सो नामहरु अरु कुनै कम्पनीले प्रयोग गरे नगरेको यकिन गर्दछ । उक्त प्रकृयाबाट स्वीकृत भएको नामको प्रयोग गरी कम्पनीले औषधि व्यवस्था विभागमा औषधि उत्पादन अनुज्ञापत्र (Product Manafucturing License) प्राप्तिको लागि आवेदन पेश गर्दछ । औषधि व्यवस्था विभागबाट औषधिको जाँच तथा नाम पुनः पुष्टि गरी अनुज्ञापत्र प्राप्त भए पश्चात् कम्पनीले औषधिको स्वीकृत नाम प्रयोग गरी आधिकारिक उत्पादन शुरु गर्दछ । प्राप्त भएको औषधि उत्पादन अनुज्ञापत्र (Product Manafucturing License) पाँच वर्षसम्म रहने र तत्पश्चात् नविकरण गर्नुपर्दछ । यस कम्पनीले उत्पादन गर्ने औषधीहरुको नाम र सो को ब्राण्ड अन्य कुनै कम्पनीबाट उत्पादित औषधीसँग मेल नखाने हुँदा आफ्नै कम्पनीको नाम तथा ब्राण्डको प्रयोग गरिएको छ र सो ब्राण्ड नै कम्पनीको आफ्नो बौद्धिक सम्पत्तिको रुपमा रहेको छ । सो बाहेक कम्पनीले अन्य कुनै संस्थासँग प्राविधिक सहयोग सम्झौता गरेको छैन ।

पशु आहार पूरक पदार्थ उत्पादनहरुको हकमा सङ्गठित संस्थाले उद्योग विभाग, त्रिपुरेश्वर काठमाडौँमा कान्तिपुर फर्मास्युटिकल्स ट्रेडमार्क (रजिष्ट्रेसन नम्बर १२०९९८ देखि १२१०१९) का लागि आवेदन दर्ता भई सो ट्रेडमार्क अद्यौगिक सम्पत्ती बुलेटिन वर्ष १९ अंक ५ मा प्रकाशन भएको छ । यसमा हाम्रो कम्पनीको ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र आदिरहेका छन् । साथै सङ्गठित संस्थाले अन्तर्राष्ट्रिय प्रमाणपत्रहरू FAMIQs प्राप्त गर्नका लागि सम्झौता गरी विभिन्न २ चरणका Process Audit कार्यहरु मार्फत आवश्यक पूर्वाधारहरु पुरा गरी सकेको छ । ; ISO 9001:2015 (Quality Management System) / ISO 14001 : 2015 (Environment Quality System) प्राप्त गर्नका लगि अन्तिम चरणका कार्यहरु पुरा भएको छ । यसरी भविष्यमा प्राप्त हुने विभिन्न ट्रेडमार्क चिन्ह, गुणस्तर चिन्ह, International Certification हरूमा कम्पनीको औद्योगिक तथा बौद्धिक सम्पत्तिहरूको हक कम्पनीमा सुरक्षित रहने छ ।

फिड सप्लिमेन्टस् तर्फको ट्रेडमार्क दर्ता				
क्र.स.	**संस्थाको नाम**	**प्रमाणपत्र नं.**	**दर्ता मिति**	**ब्राण्ड नाम**
१	उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग र अद्यौगिक सम्पत्ती शाखा	७६४९४	८/१०/२०२५	HEAMX
२		७५४९५	८/१०/२०२५	Glycal Suspension
३		७५४९६	८/१०/२०२५	KB - PLEX
४		७५४९७	८/१०/२०२५	TRICOLIV
५		७५४९८	८/१०/२०२५	Glycal Gold
६		७५४९९	८/१०/२०२५	Malfe-P
७		७५५००	८/१०/२०२५	TRICOLIV Vet
८		७५५०१	८/१०/२०२५	K - Vitol
९		७५५०२	८/१०/२०२५	Clearcal - P Oral
१०		७५५०३	८/१०/२०२५	K - Prolium
११		७५५०४	८/१०/२०२५	Precision Aqua
१२		७५५०५	८/१०/२०२५	Vita - K

१३		७५५०६	८/१०/२०२५	K Vit - A
१४		७५५०७	८/१०/२०२५	K - Lyte
१५		७५५०८	८/१०/२०२५	Malfe
१६		७५५०९	८/१०/२०२५	Stress Nil
१७		७५५१०	८/१०/२०२५	Sutkeri Shakti
१८		७५५११	८/१०/२०२५	TrusTone
१९		७५५१२	८/१०/२०२५	Glycal Plus
२०		७५४९३	८/१०/२०२५	K - Esel

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, औषधी व्यवस्था विभागमा दर्ता रहेका एलोपेथिक औषधी उत्पादन				
क्र.स.	दर्ता नं.	औषधीको नाम	दर्ता/अनुज्ञापत्र मिति	नविकरण मिति
१	1800229130350	VALBAZIN-200	२०८०-०६-१६	२०८७-०६-०९
२	1800304133524	VALBAZIN SUSPENSION, 60ml	२०८०-०६-१६	२०८७-०६-०९
३	1800305163207	VALBAZIN SUSPENSION, 500 ML	२०८०-०६-१६	२०८७-०६-०९
४	1800310130702	KENOXIN SOLUTION, 100 ML	२०८०-०६-२४	२०८७-०६-२२
५	1800310130917	KENOXIN SOLUTION, 1000 ML	२०८०-०६-२४	२०८७-०६-२२
६	1800519155539	OTCYCLIN-500	२०८०-०८-१२	२०८७-०८-०३
७	1800602114932	OTCYCLIN-WS 5 %, 50 GM	२०८०-०८-१२	२०८७-०८-०५
८	1800602115104	OTCYCLIN-WS 5 %, 100 GM	२०८०-०८-१२	२०८७-०८-०५
९	1800602115645	OTCYCLIN-WS 40 %, 100 GM	२०८०-०८-१५	२०८७-०८-०५
१०	1800619145422	VALBAZIN SUSPENSION, 30 ML	२०८०-०८-१५	२०८७-०८-१३
११	1800619150313	VALBAZIN SUSPENSION, 120 ML	२०८०-०८-१५	२०८७-०८-१३
१२	1800619150922	VALBAZIN SUSPENSION, 1000 ML	२०८०-०८-१५	२०८७-०८-१३
१३	1800619151610	VALBAZIN SUSPENSION, 5000 ML	२०८०-१०-१९	२०८७-०८-१३
१४	1800625105531	KENOXIN 50	२०८०-१०-१९	२०८७-०९-२८
१५	1800625110025	KENOXIN 150	२०८०-१०-१९	२०८७-०९-२८
१६	1800815104259	INTRAZIN SUSPENSION, 100 ML	२०८०-१०-१९	२०८७-०९-२८
१७	1800818102322	ASCARZIN SOLUTION, 450 ML	२०८०-१०-१९	२०८७-१०-०४
१८	1800818102441	ASCARZIN SOLUTION, 4500 L	२०८०-१२-०५	२०८७-१०-०४
१९	1800903085952	KPCYCLIN POWDER, 500 GM	२०८०-१२-०५	२०८७-११-०५
२०	1800904113828	MELOPARA	२०८०-१२-०५	२०८७-११-०३
२१	1801004164025	FENAVET-1500	२०८०-१२-०५	२०८७-११-०७
२२	1800519163847	VALBAZIN-600	२०८०-१२-०५	२०८७-११-१३
२३	1800519164157	VALBAZIN-1500	२०८०-१२-०९	२०८७-११-१३
२४	1800813093745	LEVAFIX POWDER , 100 GM	२०८०-१२-२१	२०८७-१२-०८
२५	1800813094446	LEVAFIX POWDER, 1000 GM	२०८०-१२-२१	२०८७-१२-०८
२६	1800818102159	ASCARZIN SOLUTION, 30 ML	२०८०-१२-२१	२०८७-१२-११
२७	1800902164506	KPCYCLIN POWDER, 100 GM	२०८०-१२-२१	२०८७-१२-११
२८	1800903090148	KPCYCLIN POWDER, 1000 GM	२०८०-१२-२१	२०८७-१२-११
२९	1800602115253	OTCYCLIN-WS 5 % POWDER, 1000 GM	२०८१-०२-२५	२०८८-०१-२६
३०	1800602115748	OTCYCLIN-WS 40 % POWDER, 500 GM	२०८१-०२-२५	२०८८-०२-०५
३१	1800602115859	OTCYCLIN-WS 40 % POWDER, 1000 GM	२०८१-०२-२५	२०८८-०२-०५
३२	1801004163030	FENAVET-150	२०८१-०२-२५	२०८८-०२-०५
३३	1801004164933	FENAVET POWDER, 500 GM	२०८१-०२-२५	२०८८-०१-३१
३४	1801017152451	COSOMIX 1500	२०८१-०२-२५	२०८८-०२-१६
३५	1801106145539	INTRAZIN-450 MG TABLET	२०८१-०२-२७	२०८८-०२-२३
३६	1801108103026	DIZITRIM SUSPENSION, 250 ML	२०८१-०२-२७	२०८८-०२-२३

३७	1801108103220	DIZITRIM SUSPENSION, 500 ML	२०८१-०२-२७	२०८८-०२-२३
३८	1801108103452	DIZITRIM SUSPENSION, 1000 ML	२०८१-०२-२८	२०८८-०२-२३
३९	1801024164847	UTINILL SOLUTION, 1000 ML	२०८१-०२-२८	२०८८-०२-२३
४०	1801108104206	VALVAZIN-P	२०८१-०२-२८	२०८८-०२-२८
४१	1801108104824	DOXY-K-500 VET POWDER, 500 GM	२०८१-०३-२०	२०८८-०२-२७
४२	1801113114352	INTRAZIN-225 MG TABLET	२०८१-०३-२०	२०८८-०२-२८
४३	1801206103026	INTRAZIN-875	२०८१-०३-२०	२०८८-०२-२८
४४	1801206103248	INTRAZIN -1750	२०८१-०४-२५	२०८८-०२-२८
४५	1801106150147	INTRAZIN- 2050 MG	२०८१-०४-२५	२०८८-०३-०१
४६	1801207101506	KENOXIN 20 %W/V SOLUTION, 500 ML	२०८१-०४-२५	२०८८-०३-१३
४७	1801207104543	KPDOX-N POWDER , 500 GM	२०८१-०४-२५	२०८८-०३-१३
४८	1801024164142	UTINILL SOLUTION, 500 ML	२०८१-०४-२५	२०८८-०४-०८
४९	1801207102941	CRD-CLEAN POWDER, 50 GM	२०८१-०५-१२	२०८८-०४-२३
५०	1801207103130	CRD-CLEAN POWDER, 100 GM	२०८१-०५-१२	२०८८-०४-२३
५१	1801207103311	CRD-CLEAN POWDER, 500 GM	२०८१-०५-१२	२०८८-०४-२३
५२	1801207103512	CRD-CLEAN POWDER, 1000 GM	२०८१-०५-१२	२०८८-०४-२३
५३	1800310131112	KENOXIN 20 %W/V SOLUTION, 100 ML	२०८१-०५-१२	२०८८-०४-२९
५४	1800310131247	KENOXIN 20 %W/V SOLUTION, 1000 ML	२०८१-०५-१२	२०८८-०४-२९
५५	1801207101154	KENOXIN SOLUTION, 500 ML	२०८१-०६-२९	२०८८-०५-०८
५६	1801207101848	CIROXIN 20 %W/W SOLUTION, 100 ML	२०८३-०५-१२	नविकरण प्रक्रियामा रहेको
५७	1801207102108	CIROXIN 20 %W/V SOLUTION, 500 ML	२०८३-०५-१२	
५८	1801207102341	CIROXIN 20 %W/V SOLUTION, 1000ML	२०८३-०६-१९	
५९	1801207104825	KP TYLO-WS POWDER, 100 GM	२०८३-०६-१९	२०८८-०५-१२
६०	1801207105057	KP TYLO-WS POWDER, 500 GM	२०८३-०६-१९	२०८८-०५-१२
६१	1801207105255	KP TYLO-WS POWDER, 1000 GM	२०८३-०६-१९	२०८८-०५-१२
६२	1810417141722	KP-LEVOFLOX SOLUTION, 100 ML	२०८१-११-०२	२०८३-१०-२३
६३	1810417142436	KP-LEVOFLOX SOLUTION, 500 ML	२०८१-११-२१	२०८३-११-१९
६४	1810417143100	KP-LEVOFLOX SOLUTION, 1000 ML	२०८२-०१-२४	२०८४-०१-२०
६५	1801207103925	KPDOX-N POWDER, 10 GM	२०८२-०१-२४	२०८४-०१-२०
६६	1801207104107	KPDOX-N POWDER, 50 GM	२०८२-०१-२८	२०८४-०१-२०
६७	1810526143526	LEVAFIX POWDER, 10 GM	२०८२-०१-२८	२०८४-०१-२०
६८	1810910091353	INTRAZIN SUSPENSION, 120 ML	२०८२-०३-०२	२०८४-०२-२१
६९	1810910094123	INTRAZIN SUSPENSION, 150 ML	२०८२-०३-०२	२०८४-०२-२१
७०	1810910100220	INTRAZIN SUSPENSION, 180 ML	२०८२-०३-०२	२०८४-०२-२१
७१	1810910101837	INTRAZIN SUSPENSION, 1000 ML	२०८२-०५-३०	२०८७-०४-१०
७२	1810421091216	BROMOHEX-VET SOLUTION, 100 ML	२०८२-०८-१७	२०८४-०६-०८
७३	1810421091342	BROMOHEX-VET SOLUTION, 500 ML	२०८२-०८-१७	२०८४-०६-०८
७४	1810421091543	BROMOHEX-VET SOLUTION, 1000 ML	२०८२-०८-१७	२०८४-०६-०८
७५	1811212145432	METAPLEU 10% SOLUTION 100 ML	२०८२-०८-१७	२०८४-०७-१३
७६	1811212150554	METAPLEU 10% SOLUTION 500 ML	२०८२-०८-१७	२०८४-०६-०८
७७	1811212152009	METAPLEU 10% SOLUTION 1000 ML	२०८२-०८-१७	२०८४-०७-१३
७८	1811217102913	METAPLEU 20% SOLUTION 100 ML	२०८२-०८-१७	२०८४-०७-१३
७९	1811217133644	METAPLEU 20% SOLUTION 500 ML	२०८२-०८-१७	२०८४-०७-१३
८०	1811217143229	METAPLEU 20% SOLUTION 1000 ML	२०८२-०८-१७	२०८४-०७-१३
८१	1811217162432	METAPLEU 30% SOLUTION 100 ML	२०८२-०९-१६	२०८७-०९-०७
८२	1811217163118	METAPLEU 30% SOLUTION 500 ML	२०८२-०९-१६	२०८७-०९-०७
८३	1811217163524	METAPLEU 30% SOLUTION 1000 ML	२०८२-१०-१२	२०८७-०८-०९
८४	1820129152327	CRD-CLEAN 10% POWDER 50 g	२०८२-१०-१२	२०८७-०८-०९

८५	1820129154232	CRD-CLEAN 10% POWDER 100 g	२०८२-१०-१२	२०८७-०८-०९
८६	1820129155205	CRD-CLEAN 10% POWDER 500 g	२०८२-१०-१२	२०८७-०८-०९
८७	1820129155841	CRD-CLEAN 10% POWDER 1000 g	२०८२-१०-१३	२०८७-०९-१७
८८	1820215124622	K-PROLIUM POWDER 30 g	२०८१/०२/२९	२०८८-०२-२०
८९	1820216111616	K-PROLIUM POWDER 150 g	२०८१/०२/२९	२०८८-०२-२०
९०	1801108111141	LOXICAM TABLET	२०८१/०२/२९	२०८८-०२-२०
९१	1801215100617	DIZITRIM-DS 2400 MG BOLUS	२०८२-०४-१०	२०८७-०४-१०
९२	1820416151629	DIZITRIM SUSPENSION, 100 ML	२०८२-१०-१९	२०८७-१०-१९
९३	1820216111747	K-PROLIUM POWDER 500 G	२०८२-१२-२४	२०८७-१२-२४
९४	1820216111908	K-PROLIUM POWDER 1000 g	२०८२-१२-२४	२०८७-१२-२४
९५	1801108110002	CRD CLEAN POWDER, 10G	२०८२-१२-२३	२०८७-१२-२३
९६	1801108110959	CRD CLEAN 10% POWDER, 10G	२०८२-१२-२३	२०८७-१२-२३
९७	1810526142810	KPDOX-N POWDER 100 GM	२०८२-११-१२	२०८७-११-१२
९८	1820717105721	P-COX PLUS POWDER 100G	२०८३-०१-०२	२०८८-०१-०२
९९	1820717105942	P-COX PLUS POWDER 500G	२०८३-०१-०२	२०८८-०१-०२
१००	1801011091114	IVERZIN-VET DS BOLUS	२०८३-०२-२०	२०८८-०२-२०
१०१	1820524151716	IVERZIN-VET SUSPENSION, 30ML	२०८३-०२-२०	२०८८-०२-२०
१०२	1820524153438	IVERZIN-VET SUSPENSION, 1000ML	२०८३-०२-२०	२०८८-०२-२०

(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्रः

सङ्गठित संस्थाले उत्पादित वस्तुहरु बिक्री वितरणका लागि उपयुक्त वितरण प्रणाली अपनाएको छ । यसका लागि देशैभरि वितरक (डिस्ट्रिब्युटर्स चयन गरी सम्बन्धित वितरकसँग संस्थाको सम्झौता गरी कारोबार भईरहेको छ । तिनै वितरकका माध्यबाट हाम्रा वस्तुहरू सात प्रदेशका ७७ जिल्लामा सहज रुपमा बिक्री वितरण भइरहेको छ । साथै नेपाल सरकारका विभिन्न पशु सेवा केन्द्र, स्थानीय निकायहरुमा पनि त्यहाँको आवश्यकताअनुसार टेन्डर मार्फत वितरण भईरहेको छ ।

क्र.स.	दर्ता नं.	बिक्री लागत	प्रतिशत
१	कोशी प्रदेश	५०,००१,७१८	१२.१५%
२	मधेस प्रदेश	६२,४२५,४९५	१५.१६%
३	बाग्मती प्रदेश	२१०,०८३,८६५	५१.०३%
४	गण्डकी प्रदेश	१५,३६३,०५३	३.७३%
५	लुम्बिनी प्रदेश	४४,२५६,२७१	१०.७५%
६	कर्णली प्रदेश	१५,२४५,९१७	३.७०%
७	सुदुर पश्चिम प्रदेश	१४,३१४,७७८	३.४८%
जम्मा		**४११,६९१,०९७**	**१००%**

(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः

हाल कम्पनीले आहार पुरक पदार्थ (Feed Supplements) का विभिन्न Calcium, Minerals, Vitamins तथा पौष्टिक पदार्थहरु, तथा पशु चिकित्सामा प्रयोग हुने Poultry तथा Cattle तर्फका एलोपेथिक भेटेनरी औषधिहरु उत्पादन गर्दै आएको छ । र आगामी दिनमा **फिड प्रिमिक्स, मानव र पशु दुवैको लागि आयुर्वेदिक औषधि उत्पादन जडिबुटी** (Herbal Plant) को इकाइ समेत स्थापना गरी आउन सक्ने बजारको मागलाई ध्यानमा राखी विभिन्न किसिमका उत्पादनलाई बढाउँदै सोको परिपूर्ति गर्ने योजना राखेको छ । सोहीअनुरूप संगठित संस्थाले उत्पादनमा विविधीकरण गर्न सजिलो हुने गरी सांगठनिक संरचना तयार गरी लागु गरेको छ ।

(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिकाः :

बर्सेनी अरबौंको मात्रामा औषधि आयात गर्नुपर्ने स्थितिलाई न्युनीकरण गर्दै नेपाली औषधिलाई अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्ने लक्ष्यका साथ कम्पनीले आफ्नो कार्य अगाडि बढाएको छ । हाम्रा उत्पादन तथा सेवाको प्रमुख बजार क्षेत्र नेपालका ७ प्रदेशमा रहेको ठुला पोल्ट्री तथा पशु फार्म, ७७ जिल्लामा पालन भएको घर पालुवा जनावरहरु हुन् । उत्पादन तथा सेवालाई बिक्री वितरण गर्नका लागि ७ प्रदेशका मुख्य व्यापारिक केन्द्रहरूमा प्रचलित प्रर्वधन कार्य निर्देशिका अनुसार रणनीति बनाई

बजारीकरणका लागि चयन गरिएका बजार प्रतिनिधि तथा मार्केटिङ टिम मार्फत विशिष्ट तरिकाले औषधिको बजार प्रबर्धन गर्ने व्यवस्था मिलाएका छ ।

हाल सम्म यस संस्थाको उत्पादित वस्तुहरुको नेपाल अधिराज्यभरीको बजारमा राम्रो माग रहेको छ । निकट भविष्यमा Good Manufacturing Process -GMP तथा FAMI-QS (Quality and Feed Safety Management System) प्रमाणिकरण पश्चात् निर्यात गर्ने योजना रहेको हुदाँ माग बढ्ने प्रक्षेपण रहेको छ । यस संस्थाको २२ जनाको बिज्ञ बजार प्रतिनिधिहरुमार्फत प्रमुख सहरहरुमा बिक्रि केन्द्र बनाई भण्डारकर्ता तथा थोक विक्रेता मार्फत विक्रि वितरण भइरहेको छ ।

(७) **उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :** कम्पनीको उत्पादन क्षमता देहाय बमोजिम रहेको छ ।

फिड सप्लिमेन्टस् तर्फ	बार्षिक क्षमता (के.जि / लि) १ सिफ्ट ८ घण्टा अवधि चालाउदा	आ.व.८०/८१	आ.व.८१/८२	आ.व.८२/८३	आ.व.८२/८३ को उत्पादन क्षमता प्रतिशत
पाउडर उत्पादन र भर्ने लाइन	**१४९,५००**	१६७,८०६	११४,२८६	१३४,२३८	९०%
बोलस निर्माण र स्ट्रिप प्याकिंग लाइन	**११,५००**	७८२	१,९९२	६,५०१	५७%
तरल उत्पादन र भरिने लाइन	**४६०,०००**	१६७,८०६	१८२,३०५	२९०,८५५	६३%
माल्ट उत्पादन र प्याकिङ लाइन	**५७,५००**	१७,८२६	४९,७६५	६६,६४३	११६%
एलोपेथिक उद्योग तर्फ					
पाउडर उत्पादन र भर्ने लाइन	**१३८,०००**	-	१८,९४८	२१,४५४	१६%
बोलस निर्माण र स्ट्रिप प्याकिंग लाइन	**२३,०००**	-	२,४६०	१५,८१०	६९%
तरल उत्पादन र भरिने लाइन	**४६०,०००**	-	४५,९५०	६०,५७८	१३%

नोटः

- कम्पनीको उत्पादन क्षमता (Installed Production Capacity) सम्वन्धित उत्पादन मेसिनहरूको प्रतिदिन ८ घण्टाको एक सिफ्ट (Single Shift) सञ्चालनलाई आधार मानी निर्धारण गरिएको छ ।
  - बजारको माग, ग्राहकबाट प्राप्त अर्डर तथा उत्पादन आवश्यकताका आधारमा कम्पनीले विशेष गरी पाउडर (Powder) तथा माल्ट (Malt) उत्पादन विभागका केही मेसिनहरू आ.व. २०८१/८२ मा अतिरिक्त समय (Overtime) तथा दुई सिफ्ट (Two Shift Operation) सम्म सञ्चालन गरिएको र आ.व. २०८२/८३ मा माल्ट (Malt) उत्पादन विभागको पनि अतिरिक्त समय संचलन गरी ११६% उत्पादन क्षमता पुगेको हो ।
  - यस प्रकार उत्पादन क्षमता भन्दा बढी देखिएको उत्पादन कुनै अतिरिक्त उत्पादन लाइन वा स्थापित क्षमता वृद्धि भएको कारण नभई विद्यमान मेसिनहरूको सञ्चालन अवधि (Machine Hours) बढाई, उपलब्ध जनशक्ति तथा उत्पादन स्रोतहरूको प्रभावकारी उपयोग गरी बजारको मागअनुसार उत्पादन गरिएको हो ।
  - त्यसैले, पाउडर तथा माल्ट उत्पादन समूहमा देखिएको उत्पादन परिमाण र स्थापित उत्पादन क्षमताबीचको अन्तरलाई कम्पनीको सञ्चालन समय (Machine Utilization) वृद्धि तथा अतिरिक्त सिफ्ट सञ्चालनको परिणामका रूपमा बुझिनुपर्नेछ ।
- फिड सप्लिमेन्टस् तथा एलोपेथिक उद्योग तर्फ अन्य उत्पादन बजारको माग अनुसार उत्पादन गरेको हुनाले वार्षिक क्षमता भन्दा कम देखिएको ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :**

कम्पनीद्वारा उत्पादन गरिने पशु औषधि, फिड सप्लिमेन्ट तथा अन्य पशु स्वास्थ्य सम्बन्धी उत्पादनहरूको उत्पादन प्रक्रियामा आवश्यक पर्ने कच्चा पदार्थहरूलाई मुख्य रूपमा सक्रिय औषधीय तत्व (Active Pharmaceutical Ingredients – API), सहायक पदार्थ (Excipients), अन्य कच्चा पदार्थ (Other Raw Materials) तथा प्याकेजिङ सामग्री (Packaging Materials) गरी चार वर्गमा विभाजन गरिएको छ ।

कम्पनीले आवश्यक कच्चा पदार्थ भारत, चीन तथा स्वदेश (नेपाल) बाट खरिद गर्दै आएको छ । यी देशहरूमा रहेका GMP तथा अन्तर्राष्ट्रिय गुणस्तर मापदण्ड अनुरूप उत्पादन गर्ने उत्पादक तथा आपूर्तिकर्तासँग दीर्घकालीन व्यवसायिक सम्बन्ध कायम गरी उत्पादनका लागि आवश्यक कच्चा पदार्थहरूको नियमित आपूर्ति सुनिश्चित गरिएको छ ।

आर्थिक वर्ष २०८०/८१, २०८१/८२ तथा २०८२/८३ को आषाढ मसान्त सम्मको अवधिमा कच्चा पदार्थ तथा प्याकेजिङ सामग्री खरिदको विवरण देहाय बमोजिम रहेको छः

विवरण	२०८०/८१	२०८१/८२	२०८२/८३
चीन	**४७८,७०४**	**२१,६५७,१५४**	**४५,४५१,८१३**
API	३३४,९३४	१०,९१५,५९७	३२,११५,७०२
अन्य कच्चा सामाग्री	१४३,७७०	१०,७४१,५५७	१३,३३६,११२
भारत	**६९,९९८,५३३**	**१७३,१०८,०९८**	**६२,९७५,२२४**
API	१४,७०४,७३६	५४,३५७,०३७	२८,१७२,८७०

Excipient	३,३११,५८१	५,१७५,३२४	४,८२७,३३६
अन्य कच्चा सामाग्री	४०,३८४,४८३	७३,४१०,६७१	२४,११२,७४७
प्याकेजिङ सामाग्री	११,५९७,७३४	४०,१६५,०६६	५,८६२,२७१
स्वदेश	**२,९७६,६२४**	**२७,६३८,१७९**	**३९,३९२,६९९**
Excipient	१४०,६८१		
अन्य कच्चा सामाग्री	७६०,६१७	११,३१६,८११	६,९३६,६७९
प्याकेजिङ सामाग्री	२,०७५,३२६	१६,३२१,३६८	३२,४५६,०२०
जम्मा	**७३,४५३,८६०**	**२२२,४०३,४३१**	**१४७,८१९,७३६**

कम्पनीले आवश्यक कच्चा पदार्थहरूको आपूर्ति मूख्य रुपमा भारतबाट आयात गर्दै आएको छ । भारतबाट कम्पनीले मुख्य रूपमा सक्रिय औषधीय तत्व (API), सहायक पदार्थ (Excipients), अन्य उत्पादन कच्चा पदार्थ तथा विभिन्न प्रकारका प्याकेजिङ सामग्री खरिद गर्दै आएको छ । तीन आर्थिक वर्षको अवधिमा भारतबाट हुने खरिद कुल खरिदको सबैभन्दा ठूलो हिस्सा रहेको देखिन्छ ।

चीनबाट मुख्य रूपमा विशिष्ट सक्रिय औषधीय तत्व (API) तथा केही विशेष रसायनजन्य अन्य कच्चा पदार्थहरू आयात गरिन्छ। विशेष गुणस्तर वा विशिष्ट प्राविधिक मापदण्ड आवश्यक पर्ने केही सामग्री चीनबाट प्राप्त गरिने हुँदा उत्पादन प्रक्रियामा यसको महत्वपूर्ण योगदान रहेको छ ।

नेपाल (स्थानीय बजार) बाट मुख्य रूपमा प्याकेजिङ सामग्री, केही सहायक पदार्थ तथा अन्य आवश्यक उत्पादन सामग्री खरिद गरिन्छ । स्थानीय आपूर्तिकर्ताबाट खरिद गरिने सामग्रीमा ज्म्एभ् तथा एभ्ल् बोतल, जार, पाउच, कार्टुन, लेबल, क्याप, ड्रम लगायतका प्याकेजिङ सामग्री प्रमुख रहेका छन् । स्थानीय स्रोतको उपयोगले आपूर्ति समय घटाउने, ढुवानी लागत नियन्त्रण गर्ने तथा स्वदेशी उद्योगलाई प्रवर्द्धन गर्ने उद्देश्यलाई समेत सहयोग पुऱ्याएको छ ।

प्रमुख कच्चा पदार्थ (API, Excipients तथा अन्य कच्चा पदार्थ) को उपलब्धता तथा स्रोत

(क) सक्रिय औषधीय तत्व (Active Pharmaceutical Ingredients – API)

कम्पनीले उत्पादन गर्ने विभिन्न पशु औषधिहरूमा प्रयोग हुने प्रमुख API हरूमा Albendazole, Enrofloxacin, Levamisole HCl, Oxytetracycline, Doxycycline HCl, Amprolium HCl, Piperazine Hexahydrate, Oxyclozanide, Fenbendazole, Trimethoprim, Sulphadiazine, Sulphamethoxazole, Tylosin Tartrate, Vitamin A Palmitate, Vitamin C (Coated), Vitamin D3, Vitamin E Acetate, Vitamin B12, Vitamin K3, Pyridoxine Hydrochloride (Vitamin B6) लगायतका औषधीय सक्रिय तत्वहरू रहेका छन् ।

तीन आर्थिक वर्षको खरिद विवरण अनुसार कम्पनीले API को प्रमुख खरिद भारतबाट गरेको देखिन्छ भने Vitamin D3, Vitamin E Acetate तथा Tylosin Tartrate लगायतका केही विशेष सक्रिय तत्वहरू चीनबाट पनि आयात गरिएको छ ।

(ख) सहायक पदार्थ (Excipients)

उत्पादन प्रक्रियामा औषधिको स्थिरता, गुणस्तर, घुलनशीलता, मिश्रण क्षमता तथा उत्पादन प्रक्रियालाई सहज बनाउन प्रयोग हुने प्रमुख सहायक पदार्थहरूमा ब्भचयकर्ष (Colloidal Silicon Dioxide), Cross Povidone, Microcrystalline Cellulose (MCC 101/102), Lactose Monohydrate, Lactose Anhydrous, Magnesium Stearate, Sodium Starch Glycolate, Maize Starch, Mannitol, Sorbitol, Citric Acid Monohydrate, Purified Talc, Sodium Benzoate तथा PVP K-90) लगायत रहेका छन् । यी सहायक पदार्थहरूको अधिकांश खरिद भारतबाट गरिएको छ भने Maize Starch जस्ता केही सामग्री स्थानीय बजारबाट पनि प्राप्त गरिएको छ ।

(ग) अन्य कच्चा पदार्थ (Other Raw Materials)

अन्य कच्चा पदार्थहरूमा उत्पादनको प्रकृति अनुसार Amprolium HCl, Chlortetracycline HCl, Levofloxacin, Meloxicam, Neomycin Sulphate, Praziquantel, ljleGg Herbal Extracts (Ashwagandha, Guduchi, Chirata, Shatavari, Amla, Milk Thistle cflb, Amino ssAcids (L-Valine, L-Lysine, Arginine, L-Tryptophan), Minerals (Calcium, Magnesium, Zinc, Potassium, Copper, Cobalt), Organic Acids (Acetic Acid, Propionic Acid, Phosphoric Acid), Preservatives (Methyl Paraben, Propyl Paraben), Sweeteners (Sodium Saccharine), Solvents (Propylene Glycol, Glycerin), Dextrose, Liquid Glucose, Malt Extract, Yeast Extract तथा विभिन्न Flavours एवं Colours प्रयोग गरिएको छ ।

यस वर्गका अधिकांश सामग्री भारतबाट आयात गरिएका छन् भने Sodium Bicarbonate तथा केही विशिष्ट रसायनहरू चीनबाट प्राप्त भएका छन् । Maize, Malt Extract, Liquid Glucose, Herbal Extracts तथा केही Flavours जस्ता सामग्रीहरू स्थानीय बजारबाट समेत खरिद गरिएको छ ।

(घ) कच्चा पदार्थको उपलब्धता तथा आपूर्ति व्यवस्थापन

कम्पनीले आवश्यक कच्चा पदार्थहरू Approved Vendor System अन्तर्गत स्वीकृत तथा गुणस्तर प्रमाणीकरण प्राप्त आपूर्तिकर्ताबाट मात्र खरिद गर्ने नीति अवलम्बन गरेको छ। API, Excipients तथा अन्य कच्चा पदार्थहरूको खरिदमा भारत प्रमुख स्रोत रहेको छ भने विशिष्ट औषधीय सक्रिय तत्व तथा केही विशेष रसायनहरू चीनबाट आयात गरिन्छ। प्याकेजिङ सामग्री तथा केही सहायक तथा अन्य कच्चा पदार्थहरू नेपालस्थित आपूर्तिकर्ताबाट पनि नियमित रूपमा प्राप्त हुने व्यवस्था रहेको छ।

कम्पनीले कुनै एक मात्र आपूर्तिकर्ता वा एक देशमा निर्भर नरही बहु-स्रोत खरिद (Multiple Sourcing Strategy) अपनाएको छ। आवश्यक परेमा वैकल्पिक आपूर्तिकर्ताबाट खरिद गर्न सकिने व्यवस्था, पर्याप्त सुरक्षा मौज्दात (Safety Stock) कायम गर्ने नीति तथा दीर्घकालीन व्यावसायिक सम्बन्धका कारण उत्पादनका लागि आवश्यक कच्चा पदार्थहरूको उपलब्धतामा हालसम्म कुनै उल्लेखनीय अवरोध आएको छैन।

यसरी कम्पनीसँग उत्पादनमा आवश्यक पर्ने प्रमुख सक्रिय औषधीय तत्व, सहायक पदार्थ, अन्य उत्पादन कच्चा पदार्थ तथा प्याकेजिङ सामग्रीहरूको आपूर्ति श्रृंखला व्यवस्थित, विविधीकृत तथा दिगो रहेकोले भविष्यमा पनि बजार मागअनुसार उत्पादन सञ्चालन गर्न आवश्यक कच्चा पदार्थहरूको उपलब्धता पर्याप्त रहने व्यवस्थापनको विश्वास रहेको छ।

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्था** :

संगठित संस्थामार्फत उत्पादित औषधि तथा आहारपुरक पदार्थहरु हरेक चरणमा अन्तराष्ट्रिय स्थापित मापदण्डहरु अपनाइ गुणस्तर जाँचका स्तरहरु स्थापित गरिएको छ। औषधि उत्पादनका क्रममा हरेक चरणमा कार्यविधिको स्तरीय सञ्चालन प्रक्रिया स्थापित गरिएको छ। उत्पादित औषधिलाई अन्तराष्ट्रिय स्तरको उच्च प्रबिधि युक्त गुण नियन्त्रण प्रयोगशालामा उच्चतम अनुभव युक्त प्रविधिकहरुको संलग्नतामा आवश्यक जाँच परिक्षण Indian Pharmacopia/British Pharmacopia /US Pharmacopia (IP/BP/USP) मा उल्लेखित जाँच गरेर मात्र क्वालिटी पास (Quality Control) गरे पश्चात उत्पादित बस्तुहरुलाई विक्रि वितरण गर्ने व्यवस्था रहेको छ।

(१०) **अनुसन्धान तथा विकास** :

सङ्गठित संस्थाले औषधिका लागि आवश्यक पर्ने मुख्य कच्चा पदार्थका लागि नियमबमोजिम अनुमति लिई नेपालभरिका विभिन्न स्थानहरूबाट परिपूर्ति गर्नका लागि आवश्यक अध्ययन तथा विकास कार्यहरू नियमित रूपमा गर्दै आइरहेको छ। नेपालको बजारको आकारअनुसार आवश्यक औषधिको ८० प्रतिशत भन्दा बढी आयात देखिएको स्थितिमा उक्त आयातको स्थितिलाई प्रतिस्थापन गर्दै पैठारी गर्न उपयुक्त उत्पादनहरूमा जोड दिन आवश्यक अनुसन्धान एवम् विकास कार्य भइरहेको छ।

नेपालको परिप्रेक्ष्यमा बर्सैपिच्छे सामान्य औषधिउपचार समेत नपाएर ठुलो मात्रामा पशुधनको मृत्यु भइरहेको अवस्थाको अध्ययन गरी सोको समाधानका लागि आवश्यक अध्ययन एवम् अनुसन्धान गरी त्यस किसिमको औषधि उत्पादन कार्यलाई विशेष प्राथमिकताका रूपमा अगाडि बढाई सो क्षेत्रमा प्रत्यक्ष लाभ पुऱ्याउने काम अगाडि बढाउँदै लगिने छ।

स्वास्थ्य क्षेत्रमा भविष्यमा देखिन सक्ने सम्भावित रोगहरूबारे भएगरेका विज्ञानसम्मत् भविष्यवाणी तथा ग्लोबल रूपमा देखा परिरहेका विभिन्न किसिमका रोगहरूसँग लड्नका लागि आवश्यक मेडिसिन उत्पादनमा जोड दिन तत्सम्बन्धी अध्ययन-अनुसन्धान भइरहेका छन् र यसलाई निरन्तरता दिँदै लैजाने छ।

यसका साथै बजारको मागबमोजिम आवश्यक पर्न सक्ने विभिन्न किसिमका औषधि उत्पादन गर्नका निम्ति नियमित रूपमा अध्ययन तथा अनुसन्धान गर्दै यसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पार्न सक्ने सकारात्मक तथा नकरात्मक पक्षहरूको अध्ययन एवम् विश्लेषण नियमित रूपमा गर्ने छ।

अनुसन्धान तथा बिकासका लागि संस्थाले आफ्नै अन्तराष्ट्रिय स्तरको उच्च प्रबिधि युक्त RND Center गुण नियत्रण प्रयोगशाला निर्माण गरेको छ। बजारको माग तथा आवश्यकता अनुसार अन्य बिभिन्न वस्तुहरुमा अनुसन्धान तथा बिकास गरिने छ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान** :

विगत १२ महिनाको अवधिमा कम्पनीको सञ्चालनमा असर पर्ने गरी कुनै बाधा व्यवधान नरहेको।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण** : सो नभएको।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति** :

विश्वव्यापी स्तरमा फार्मास्युटिकल उद्योगले स्वास्थ्य सेवा प्रणालीमा महत्वपुर्ण योगदान पुर्याइरहेको छ। बढ्दो जनसंख्या, घट्दो रोगप्रतिरोधात्मक क्षमता, र स्वास्थ्य सेवामा गुणस्तर र पहुँचको आवश्यकता बढेसँगै औषधि तथा पोषण सम्बन्धी उत्पादनहरूको माग निरन्तर वृद्धि हुँदै आएको छ। नेपालमा पनि कृषि र पशुपालन क्षेत्रको विकास, प्राविधिक पहुँच, तथा जनचेतनाको वृद्धिले पशु स्वास्थ्य र पोषण उत्पादनको मागलाई थप फराकिलो बनाएको छ। यसै माग र अवसरलाई दृष्टिगत गर्दै कम्पनीले आफ्नो उत्पादन, क्षमता, गुणस्तर र बजारको पहुँच विस्तार गर्दै आएको छ। हाल नेपालमा २०८२ पौष मसान्तसम्म नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, औषधि व्यवस्था विभागमा एलोप्याथिक, आयुर्वेदिक र भेटनरी गरी कुल १९४ वटा औषधि उत्पादन गर्ने कम्पनीहरु दर्ता भएका छन्। यही दर्ता भएको कम्पनीमा जम्मा ८५ वटा औषधी कम्पनीहरु हाल संचालनमा रहेका छन् सो मध्ये ११ वटा औषधि उद्योगहरु भेटिनेरी औषधिहरु उत्पादन गर्दै आएको

छ। यस कम्पनीको उत्पादन दायरा Treatment -एलोपेथिक औषधि) र Neutrition (फिड सप्लिमेन्ट) दुवै क्षेत्रमा फैलिएको छ। यसले पशु रोग उपचार र पोषण सुधार दुवै आवश्यकतालाई एकै साथ समेट्ने कार्य गरेको छ। एलोपेथिक औषधिहरूले पशु उपचारको आधारभूत आवश्यकता पूर्ति गर्ने काम गरिरहेका छन् भने फिड सप्लिमेन्ट्सले पशुको प्रतिरोधात्मक क्षमता, वृद्धि र उत्पादन सुधारमा योगदान पुर्याइरहेका छन्। विशेष गरी फिड सप्लिमेन्ट्स बजारको अवस्था यस अवधिमा सकारात्मक रहेको छ। पशुपालन क्षेत्रको वृद्धि र पशु स्वास्थ्य प्रतिको चेतनाको वृद्धि सँगै फिड सप्लिमेन्ट्सको माग निरन्तर बढ्दो छ। कम्पनीले यस मागलाई मध्यनजर गर्दै उत्पादन र वितरण सञ्जाललाई थप सुदृढ र व्यवस्थित बनाउँदै आएको छ।

नेपालमा पशु औषधि (Veterinary Pharmaceuticals) उद्योग तीव्र प्रतिस्पर्धात्मक अवस्थामा रहेको छ, जहाँ अधिकांश कम्पनीहरू विदेशी उत्पादन आयात गरी वितरणमा केन्द्रित छन्। यस्तो परिवेशमा (Kantipur Pharmaceuticals Lab Ltd -KPL) ले आफूलाई एकीकृत (Integrated) उत्पादन तथा वितरण कम्पनीको रूपमा स्थापित गर्दै विशिष्ट प्रतिस्पर्धात्मक स्थान हासिल गरेको छ। अन्य धेरै प्रतिस्पर्धीहरू केवल Import–based Distributor मोडेलमा निर्भर रहेका बेला KPL ले आफ्नै GMP compliant, अत्याधुनिक (Sophisticated) उत्पादन प्रयोगशाला मार्फत Allopathic Veterinary Medicines, Feed Supplements तथा अन्य पशु पोषणसम्बन्धी उत्पादनहरू उत्पादन गरी बजारमा आपूर्ति गरिरहेको छ, जसले कम्पनीलाई गुणस्तर नियन्त्रण, लागत व्यवस्थापन र उत्पादन विविधतामा उल्लेखनीय फाइदा प्रदान गरेको छ।

KPL को सबैभन्दा ठूलो प्रतिस्पर्धात्मक बल भनेको यसको Promoter–driven Strategic Stockiest Network हो। कम्पनीका प्रवर्द्धकहरू आफैं लामो समयदेखि Veterinary क्षेत्रसँग सम्बन्धित व्यवसायमा संलग्न रहँदै आएका कारण देशभर बलियो वितरण सञ्जाल (Network) निर्माण भएको छ, जसले गर्दा कम्पनीले बजारमा छिटो पहुँच (market penetration) र स्थायित्व प्राप्त गरेको छ। प्रतिस्पर्धी कम्पनीहरू जहाँ तेस्रो पक्ष (Third–party distributors) मा निर्भर छन्, त्यहाँ KPL ले आफ्नै सञ्जालमार्फत वितरण नियन्त्रण गर्दै मूल्य, मार्जिन र आपूर्ति श्रृंखलामा प्रभावकारी व्यवस्थापन गर्न सक्षम भएको छ। यससँगै, प्रवर्द्धकहरूको दशकौंको अनुभवले बजारको माग, मूल्य निर्धारण, र ग्राहक व्यवहार बुझ्न सहयोग पुऱ्याएको छ, जसले कम्पनीलाई रणनीतिक निर्णयमा अग्रता प्रदान गर्दछ।

अर्कोतर्फ, KPL ले दक्षिण कोरियाको प्रतिष्ठित Veterinary उत्पादक कम्पनी KBNP Inc. सँग प्राविधिक सहकार्य (Technical Collaboration) सम्झौता गरी अन्तर्राष्ट्रिय स्तरको प्रविधि, formulation र उत्पादन विकास क्षमतामा थप सुदृढीकरण गरेको छ। यस सहकार्यले कम्पनीलाई नवप्रवर्तन (Innovation), गुणस्तरीय उत्पादन विकास र अन्तर्राष्ट्रिय मापदण्डअनुसार उत्पादन गर्न सक्षम बनाएको छ, जसले स्थानीय बजारमा मात्र नभई भविष्यमा निर्यात सम्भावनालाई समेत बलियो बनाएको छ। साथै, कम्पनीले सस्तो स्रोत बाट कच्चा पदार्थ आपूर्ति सुनिश्चित गरी कम लागतमा ठूलो परिमाण (High volume) मा उत्पादन गर्न सक्ने क्षमता विकास गरेको छ, जसले मूल्य-संवेदनशील नेपाली बजारमा प्रतिस्पर्धी मूल्यमा गुणस्तरीय उत्पादन उपलब्ध गराउन सहयोग पुऱ्याएको छ।

उत्पादन विविधताको दृष्टिकोणले पनि KPL प्रतिस्पर्धीहरूभन्दा अगाडि देखिन्छ, किनभने धेरै कम्पनीहरू सीमित उत्पादन समूहमा केन्द्रित रहँदा KPL ले बहु-सेग्मेन्ट उत्पादनहरू प्रदान गर्दै एयगतिचथ, Dairy, Feed Industry तथा Retail Veterinary बजारलाई लक्षित गरेको छ। यसले कम्पनीलाई फराकिलो बजार (Broad market coverage) र बहुआयामिक आम्दानी स्रोत (multiple revenue streams) सिर्जना गर्न सक्षम बनाएको छ। समग्रमा, नेपालको उच्च प्रतिस्पर्धात्मक Veterinary Pharmaceutical बजारमा KPL ले आफ्नो एकीकृत मोडेल, बलियो वितरण सञ्जाल, अनुभवी व्यवस्थापन, अन्तर्राष्ट्रिय सहकार्य, र लागत-प्रभावकारी उत्पादन क्षमताका आधारमा एक Value–based, High–volume, Quality–driven कम्पनीको रूपमा आफूलाई स्थापित गर्दै प्रतिस्पर्धी कम्पनीहरूभन्दा विशिष्ट र दिगो (Sustainable) प्रतिस्पर्धात्मक स्थिति निर्माण गरेको देखिन्छ।

(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण : सो नभएको ।

(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण) : सो नभएको ।

(१६) संस्थाले विभिन्न नियमन निकायबाट हालसम्म प्राप्त गरेको स्वीकृति/अनुमति/इजाजत, संक्षिप्त बिषयवस्तु, इजाजत प्राप्त मिति तथा सो बहाल रहने अवधि समेत खुल्ने विवरण खुल्ने गरी तालिकामा प्रस्तुत गर्नुपर्ने :

क्र.सं	सम्झौता गर्ने निकाय/ संस्था	सम्झौताको विषय/वस्तु	मिति
१.	नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय	प्राइभेट लिमिटेडको रुपमा दर्ता	२०७३/११/५
२.	नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालय	पब्लिक लिमिटेडमा परिणत भएका	२०८१/३/२५
३.	उद्योग तथा वाणिज्य विभाग	उद्योग दर्ता प्रमाणपत्र	२०७५/५/१२
४.	औषधी व्यवस्था विभाग	उद्योग दर्ता सिफारिस	२०७५/२/१
५.	मुक्तिनाथ क्यापिटल लिमिटेड	शेयरहरुको सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा सम्झौता	२०८१/१०/२४ देखि शेयर वाँडफाँड नभए सम्म

ग.३.ख) सम्पत्तिको विवरण

(अ) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्थाः

हालसम्म कम्पनीको नाममा श्रृजना भइसकेको चल अचल सम्पत्तिको विवरण तल उल्लेख बमोजिम रहेको छ ।

उद्योग संचालनका लागि खरीद गरिएको कम्पनीको नाम रहेको जग्गाको विवरण

क्र.स.	साविक कित्ता नं.	सम्पति	स्थल	क्षेत्रफल
१.	७६२	कान्तिपुर फर्मास्यूटिकल्स् लि.	होक्से बजार ,पाँचखाल नगरपालिका वडा नं.७ (साविक होक्से ग.वि.स वडा नं.१)	२८०५.९७ वर्ग मिटर
२.	७६४	कान्तिपुर फर्मास्यूटिकल्स् लि.	होक्से बजार ,पाँचखाल नगरपालिका वडा नं.७ (साविक होक्से ग.वि.स वडा नं.१)	४४१.१० वर्ग मिटर
३.	७६१	कान्तिपुर फर्मास्यूटिकल्स् लि.	होक्से बजार ,पाँचखाल नगरपालिका वडा नं.७ (साविक होक्से ग.वि.स वडा नं.१)	२८०३.९९ वर्ग मिटर
४.	७६३	कान्तिपुर फर्मास्यूटिकल्स् लि.	होक्से बजार ,पाँचखाल नगरपालिका वडा नं.७ (साविक होक्से ग.वि.स वडा नं.१)	४४३.०९ वर्ग मिटर
५.	१३०१	कान्तिपुर फर्मास्यूटिकल्स् लि.	होक्से बजार ,पाँचखाल नगरपालिका वडा नं.७ (साविक होक्से ग.वि.स वडा नं.१)	९७७.६५ वर्ग मिटर
६.	१३०२	कान्तिपुर फर्मास्यूटिकल्स् लि.	होक्से बजार ,पाँचखाल नगरपालिका (साविक होक्से ग.वि.स वडा नं.१)वडा नं.७	९७७.६५ वर्ग मिटर
जम्मा				**८४४९.४५ वर्ग मिटर**

कम्पनीको उद्योग तथा कार्यालय रहेका भौतिक संरचना विवरण

क्र.स.	विवरण	कित्ता नं.	क्षेत्रफल
१	उद्योग	७६२, ७६४, ७६१, ७६३	६४९४.१५ वर्ग मिटर

(आर्थिक वर्ष २०८२/८३ को लेखा परिक्षण प्रतिवेदन अनुसार)

क्र.स.	सम्पति	स्थल	रकम	सामन्य खर्च	थप खर्च	कुल रकम
१	जग्गा तथा जग्गा विकास	पाँचखाल -७, काभ्रे (उद्योग परिसर) र ललितपुर. -८, कर्पोरेट कार्यालय	१११,२२७,१७०	-	-	१११,२२७,१७०
२	भवन तथा संरचना	पाँचखाल -७, काभ्रे (उद्योग परिसर) र ललितपुर. -८, कर्पोरेट कार्यालय	३७३,४८२,७७३	-	-	३७३,४८२,७७३
३	फनिर्चर तथा फिक्स्चर	पाँचखाल -७, काभ्रे (उद्योग परिसर) र ललितपुर. -८, कर्पोरेट कार्यालय	६,१४८,४९०	-	-	६,१४८,४९०
४	प्लान्ट एण्ड मेसिनरी	पाँचखाल -७, काभ्रे (उद्योग परिसर) र ललितपुर. -८, कर्पोरेट कार्यालय	२३२,४४३,११६	-	-	२३२,४४३,११६
५	सवारी साधन		२१,७७७,९५५	-	-	२१,७७७,९५५
६	कार्यालय उपकरण	पाँचखाल -७, काभ्रे (उद्योग परिसर) र ललितपुर. -८, कर्पोरेट कार्यालय	२०८,८९९	-	-	२०८,८९९
७	कमप्यूटर तथा प्रिन्टर्स	पाँचखाल -७, काभ्रे (उद्योग परिसर) र ललितपुर. -८, कर्पोरेट कार्यालय	२,३४६,२८१	-	-	२,३४६,२८१
८	अन्य सम्पत्ती	पाँचखाल -७, काभ्रे (उद्योग परिसर) र ललितपुर. -८, कर्पोरेट कार्यालय	२०,३८१,१२०	-	-	२०,३८१,१२०
९	प्रयोग गर्नेअधिकार भएको सम्पत्ती	ललितपुर. -८, कर्पोरेट कार्यालय	२३,९६८,०१८	-	-	२३,९६८,०१८
जम्मा			**७९१,९८३,८२१**	**-**	**-**	**७९१,९८३,८२१**

(आ) बूँदा (अ) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :

कर्पोरेट कार्यालय संचालनको लागि लिज लिएको सम्पत्तिको विवरण :

क्र.स.	विवरण	क्षेत्रफल	सम्झौताको अवधि	मासिक बहाल
१	कार्यालय ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ८, वालकुमारी	१८५६.३१ वर्ग फिट	२०७९/१२/१ देखि १५ वर्ष सम्मको लागि	रु.२,००,०००/-

(इ) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण** :
हिमालयन बैंक लि. र यस कम्पनी बीच मिति २०७५/०२/११ मा भएको ऋण सम्झौता अनुरुप आ.व. २०८१/८२ मा उक्त बैंकबाट यस कम्पनीले ट्रष्ट रिसिप्ट कर्जा/प्रतितपत्र / बैंक जमानत कर्जा, हायरपर्चेज कर्जा, र स्वरुप क्रमशः रु.२१,००,००,०००/- रु.३८,८३,०००/- प्राप्त गरेको छ । साथै, आवधिक कर्जा स्वरुप रु. रु.१२,३८,००,०००/- प्राप्त गरेकोमा सो कर्जाको सुरक्षण वापत् कान्तीपुर फर्मास्यूटिकल्स ल्याब लिमिटेडको नाममा रहेको काभ्रे जिल्ला पाँचखाल स्थित रहेका १२ रोपनी जग्गा उक्त बैंकको नाममा दृष्टिबन्धकको लिखत रजिष्ट्रेशन पारित गरिएको छ ।

(ई) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सोको विवरण :**
काभ्रे जिल्ला पाँचखाल नगरपालिका होक्से-७ स्थित कम्पनीको नाममा रहेको १२ रोपनी क्षेत्रफलको जग्गाको परल मूल्य रु.१,९६,०८,०००/- रहेकोमा सो जग्गालाई पुनर्मूल्यांकन रु.४,९३,५७,०१२/- र सोही स्थितमा रहेको भवनको परल मूल्य रु.६,८५,११,७७७/- को पुनर्मूल्यांकन रु.९,४०,६५,४८३/-कायम गरिएको छ । साथै कम्पनीले गरेको लगानीको परल मूल्यलाई नेपाल लेखा प्रतिवेदन मान (NFRS) बमोजिम यस कम्पनीले विभिन्न कम्पनीहरुमा गरेको शेयर लगानीलाई नाफा नोक्सान हिसाब मार्फत् बजार मूल्य (Market Value) अनुरुप लेखांकन गरी कायम गरेको छ ।

(उ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण** : काभ्रे जिल्ला पाँचखाल नगरपालिका होक्से-७ स्थित कम्पनीको नाममा रहेको १२ रोपनी क्षेत्रफलक जग्गाको परल मूल्य रु.१,९६,०८,०००/- पुनर्मूल्यांकन रु.४,९३,५७,०१२/- र सोही स्थितमा रहेको भवनको परल मूल्य रु.६,८५,११,७७७/- को पुनर्मूल्यांकन रु.९,४०,६५,४८३/-कायम गरिएको छ । साथै कम्पनीले गरेको लगानीको परल मूल्यलाई नेपाल लेखा प्रतिवेदन मान (NFRS) बमोजिम यस कम्पनीले विभिन्न कम्पनीहरुमा गरेको शेयर लगानीलाई नाफा नोक्सान हिसाब मार्फत् बजार मूल्य (Market Value) अनुरुप लेखांकन गरी कायम रहेको छ । त्यसैगरी, जग्गा पुनर्मूल्यांकनका सम्बन्धमा स्वतन्त्र भ्यालुएटरबाट मूल्याङ्कन गरिएको र स्वतन्त्र भ्यालुएटरबाट बजार मूल्य, सरकारी मूल्य र Distress Value को आधारमा मूल्यांकन गरिएको छ ।

ग.३.ग) भावी योजना तथा रणनीति :

(अ) **व्यवसाय/सेवाको बृद्धिका लागी संस्थाको भावी योजना वा त्यस्तो योजनाको प्राप्तिका लागी चालिने समयवद्ध रणनीती :**
कान्तिपुर फर्मास्युटिकल्स ल्याबले भविष्यको विस्तार योजना र वृद्धिको लागि स्पष्ट मार्गचित्र तयार पारेको छ । यसका मुख्य केन्द्रबिन्दुहरू निम्न रहेका छन् ।
हर्बल विभागको विस्तारः कम्पनीले प्राकृतिक र अर्गानिक स्वास्थ्य सेवा समाधानहरूको बढ्दो मागलाई उपयोग गर्दै हर्बल औषधि खण्डमा ठूलो लगानी गर्ने योजना बनाएको छ ।
उत्पादन लाइनहरूको विविधीकरणः आफ्नो विद्यमान दायरा भन्दा बाहिर, कम्पनीले एलोप्याथिक, आयुर्वेदिक र पशु स्वास्थ्य सेवा उत्पादनहरूमा नयाँ फर्म्युलेसनहरू ल्याउने लक्ष्य राखेको छ ।
अनुसन्धान तथा विकास क्षमतालाई सुदृढ बनाउनेः नवीन, उच्च गुणस्तर र प्रभावकारी औषधि उत्पादनहरू सिर्जना गर्न अनुसन्धान र विकास प्रयासहरूलाई बढावा दिने ।
बजार पहुँच र निर्यात विस्तारः आन्तरिक बजार उपस्थिति बलियो बनाउने क्रममा निर्यातका लागि अन्तर्राष्ट्रिय बजारहरूमा अवसरहरू खोज्ने ।
रणनीतिक साझेदारी निर्माणः बजार पहुँच र उत्पादन प्रभावकारिता बढाउन ठूला फार्महरू, स्वास्थ्य सेवा संस्थाहरू र अनुसन्धान संगठनहरूसँग सहकार्य गर्ने ।
पूर्वाधार र क्षमता विस्तारः नयाँ उत्पादन एकाइहरू स्थापना गरेर र विद्यमान सुविधाहरूलाई स्तरोन्नति गरेर उत्पादन क्षमता बढाउने ।
स्थायित्व र अनुपालनः वातावरणीय र नियामक मापदण्डहरूको पालना सुनिश्चित गर्ने, उत्पादन र वितरणमा दिगो अभ्यासहरूलाई एकीकृत गर्ने ।
यी लक्ष्यहरू प्राप्त गर्ने कम्पनीको रणनीतिमा प्रविधि, प्रतिभा अधिग्रहण र बजार विस्तारमा पर्याप्त लगानी समावेश छ । नवीनता, दक्षता र बलियो ग्राहक सम्बन्धमा ध्यान केन्द्रित गरेर, कान्तिपुर फर्मास्युटिकल्स ल्याबले दिगो वृद्धि र नाफा वितरण गर्दै औषधि र पशु स्वास्थ्य सेवा उद्योगहरूमा अग्रणीको रूपमा आफ्नो स्थानलाई थप बलियो बनाउने लक्ष्य राखेको छ ।

(आ) **प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थिति आधारमा संगठित संस्थाको भविष्य :**
कान्तिपुर फर्मास्युटिकल्स ल्याबले हाल पशु आहार पूरक खण्डमा १ नम्बर स्थान ओगटेको छ, जसले बलियो बजार नेतृत्व प्रदर्शन गर्दछ। कम्पनीले एलोप्याथिक विभागमा पनि उत्पादनहरूको पूर्ण दायरा प्रदान गर्दछ, जसले विभिन्न उपचार आवश्यकताहरू पूरा गर्दछ, जसले थप बजार उपस्थिति बलियो बनाउँछ ।
औषधि र पशु पोषण उद्योगले स्थिर आर्थिक वृद्धि अनुभव गरिरहेको छ, उच्च गुणस्तरको पशु आहार पूरक, हर्बल औषधि, र एलोप्याथिक उत्पादनहरूको बढ्दो मागको साथ। ठूला व्यवसाहिक कुखुरा तथा पशु फार्महरूको निरन्तर विस्तार र कान्तिपुर फर्मास्युटिकल्स ल्याबको तिनीहरूसँगको बलियो सम्बन्धले प्रतिस्पर्धात्मक किनारा प्रदान गर्दछ, यस क्षेत्रमा निरन्तर वृद्धि र स्थिरता सुनिश्चित गर्दछ ।
बजारमा धेरै उत्पादकहरु छन्, तर थोरैले मात्र कान्तिपुर फर्मास्युटिकल्स ल्याबको व्यापक उत्पादन दायरा र गुणस्तरसँग मेल खान सक्छन् । अवस्थित प्रतिस्पर्धीहरू विशिष्ट स्थानहरूमा केन्द्रित छन्, जबकि कान्तिपुर फर्मास्युटिकल्स ल्याबले पशु पोषणदेखि मानव र पशु चिकित्सासम्म उत्पादनहरूको विस्तृत दायरा प्रदान गरेर अलग देखिन्छ ।

कम्पनीसँग हर्बल विभागमा महत्वाकांक्षी विस्तार योजना छ, जसले भविष्यको वृद्धिलाई गति दिने अपेक्षा गरिएको छ। हर्बल र प्राकृतिक स्वास्थ्य सेवा उत्पादनहरूको लागि बढ्दो विश्वव्यापी मागले महत्त्वपूर्ण अवसरहरू प्रस्तुत गर्दछ। कम्पनीको रणनीतिक दृष्टिकोण र नयाँ उत्पादन लाइनहरूमा निरन्तर लगानीको साथ, यो प्रवृत्तिलाई पूंजीकृत गर्नको लागि राम्रोसँग तयार छ।
समग्रमा, कान्तिपुर फर्मास्युटिकल्स ल्याबको लागि भविष्यको दृष्टिकोण सकारात्मक रहेको छ। समग्र उद्योग निरन्तर विस्तारको लागि तयार छ, र यसको बजार नेतृत्व, व्यापक उत्पादन प्रस्तावहरू, र नवीनताप्रतिको प्रतिबद्धताको साथ, कान्तिपुर फर्मास्युटिकल्स ल्याब दिगो वृद्धि र दीर्घकालीन सफलता हासिल गर्नको लागि राम्रोसँग सुसज्जित छ।

ग.३.घ) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था

कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार सात (७) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ। सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ।

समूह "क" संस्थापक शेयरधनीहरुबाट	५ जना
समूह "ख" सर्वसाधारण शेयरधनीहरूबाट	१ जना
स्वतन्त्र संचालक	१ जना
जम्मा	**७ जना (कम्तीमा एक महिला सहित)**

सञ्चालकहरुको कार्यकाल ४ वर्षको रहेको छ।
कम्पनीको धितोपत्र सार्वजनिक निष्काशन भई बाँडफाँड भए पश्चात् कायम हुने शेयरधनीहरु समेतको उपस्थितिमा सम्पन्न हुने साधारण सभा पश्चात् सञ्चालक समितिको संरचना नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार हुनेछ।

यस कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनका लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक तथा संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन।

ग.४) पुँजी संरचना सम्बन्धी जानकारी :

ग.४(क) अधिकृत, जारी तथा चुक्ता पुँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्तसम्वन्धी विवरण :

अधिकृत पूँजी: कम्पनीको अधिकृत पूँजी रु. १,००,००,००,०००/- (अक्षरेपी एक अर्ब मात्र) रहेको छ। उक्त पूँजीलाई रु. १००।– का दरले १,००,००,००० थान शेयरमा बिभाजन गरिएको छ।

जारी पूँजी: कम्पनीको जारी पूँजी रु. ८०,००,००,०००/- (अक्षरेपी अस्सी करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु. १००/- का दरले ८०,००,००० थान शेयरमा बिभाजन गरिएको छ।

चुक्ता पूँजी: कम्पनीको चुक्ता पूँजी रु. ६३,००,००,०००/- (अक्षरेपी त्रिसाट्ठी करोड मात्र) रहेको छ। उक्त पूँजीलाई रु. १००/- का दरले ६३,००,००० थान शेयरमा बिभाजन गरिएको छ।
कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी तथा चुक्ता पुँजीमा परिवर्तन सम्बन्धी विवरण:

आ.व.	अधिकृत पुँजी (रु.)	जारी पुँजी (रु.)	चुक्ता पुँजी (रु.)	कैफियत
२०७३/७४	५,००,००,०००/-	९०,००,०००/-	९०,००,०००/-	
२०७५/७६	३०,००,००,०००/-	३०,००,००,०००/-	९०,००,०००/-	
२०७७/७८	३०,००,००,०००/-	३०,००,००,०००/-	२,७०,००,०००/-	
२०७७/७८	३०,००,००,०००/-	३०,००,००,०००/-	९,७०,००,०००/-	
२०७८/७९	३०,००,००,०००/-	३०,००,००,०००/-	२४,१०,००,०००/-	
२०८०/८१	१,००,००,००,०००/-	७०,००,००,०००/-	६३,००,००,०००/-	
२०८१/८२	१,००,००,००,०००/-	८०,००,००,०००/-	६३,००,००,०००/-	

ग.४(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप)

कम्पनीको प्रबन्ध-पत्रको दफा ६ मा उल्लेख भए अनुसार सर्वसाधारणमा शेयरको निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :

क्र.सं	शेयरधनीहरु	साधारण शेयर संख्या	चुक्ता पूँजी रकम (रु.)	पूंजी संरचना(%)	भुक्तानी प्रतिशत
१	संस्थापक शेयरधनीहरु	६३,००,०००	६३,००,००,०००/-	७८.७५%	शत प्रतिशत
२	क.उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु	१७,००,०००	१७,००,००,०००/-	२१.२५%	शेयर निष्काशन पश्चात्

	ख.सर्वसाधारण शेयरधनीहरू (विदेशी रोजगारमा रहेका नेपाली, सामुहिक लगानी कोष र कर्मचारीहरु समेत)				
जम्मा		८०,००,०००	८०,००,००,०००/-	१००%	

नोट : उद्योग प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा सर्वसाधारणहरुलाई बिक्री गरिने शेयर रकम चुक्ता हुन बाँकी रहेको छ ।

ग.४(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) : सो नभएको ।

ग.५) संस्थापक/सञ्चालकसम्बन्धी जानकारी :

ग.५.क) संस्थापक/संचालकको पृष्ठभूमि :

(अ) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार र व्यवसायमा अनुभव :

आधारभूत शेयरधनीको विवरण

सि.नं	नाम	ठेगाना	पद	उमेर	राष्ट्रियता	धारण गरेको कूल शेयर	शेयर स्वामित्व (%)	शैक्षिक योग्यता	प्रस्तावित व्यापार/व्यवसायको अनुभव	अन्य क्षेत्रको अनुभव
१	श्री हेम राज बडाल	काठमाण्डौ जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३२	अध्यक्ष	५२	नेपाली	३६२०००	५.७५	उच्च माध्यामीक तह	पोल्ट्री क्षेत्रमा ३३ वर्ष भन्दा बढीको अनुभव, पोल्ट्री औषधि आयात तथा बजारीकरण, पशु चिकित्सा औषधि, ह्याचरी, फार्म र पेलेट फिड उद्योग जस्ता प्रमुख क्षेत्रहरुमा लगानी रहेको छ । उहाँसँग बजारिकरण कौशल र देशभित्र पोल्ट्री उद्योग सञ्चालनको राम्रो अनुभव रहेको छ ।	
२	श्री सुना सुवेदी	काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३२	संचालक	४७	नेपाली	२६७४०००	४२.४४	व्यबस्थापन संकायमा स्नातक	पोल्ट्री क्षेत्रमा २५ वर्ष भन्दा बढीको अनुभव, पोल्ट्री औषधि आयात तथा बजारीकरण, पशु चिकित्सा औषधिहरुको व्यापार, बिभिन्न सामाजीक संस्थाहरुमा आवद्दता, रहेको	
३	श्री अनिश बडाल	काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३२	संचालक	२६	नेपाली	११०००००	१७.४६	व्यवस्थापन संकायमा स्नातकोत्तर	५ बर्ष देखिको भेटेरीनरी औषधि आयात, पोल्ट्री तथा स्थानिय व्यापार को अनुभव	
४	श्री मनोज पन्त	लमजुङ जिल्ला, राइनास, गा.वि.स.वडा नं.६ को परिवर्तित लमजुङ जिल्ला राइनास नगरपालिका वडा नं.६	संस्थापक शेयरधनी	३६	नेपाली	१०००००	१.५९	व्यवस्थापन संकायमा स्नातक उर्तिण	पोल्ट्री, भेटेरीनरी औषधि, पशु चिकित्सा औषधिहरुको व्यापारमा बिगत १५ बर्षको अनुभव रहेको	

५	श्री जितेन्द्र नारायण श्रेष्ठ	काभ्रे जिल्ला उग्रचण्डी नाला गा.वि.स.वडा नं.३ को परिवर्तित काभ्रे जिल्ला बनेपा न.पा.वडा नं.४	संस्थापक शेयरधनी	३७	नेपाली	१२५०००	१.९८	स्नातक	पोल्ट्री, भेटेरीनरी औषधि, पशु चिकित्सा औषधिहरुको व्यापारमा बिगत १५ बर्षको अनुभव रहेको	
६	श्री नवराज पौड्याल	बारा जिल्ला, निजगढ गा.वि.स.वडा नं.८ को परिवर्तित बारा जिल्ला निजगढ न.पा.वडा नं.९	संचालक	५१	नेपाली	१११०००	१.७६	स्नातकोत्तर	उहाँको पोल्ट्री उत्पादन र व्यापारमा एक दशक भन्दा बढीको विशेषज्ञता रहेको छ । उहाँले विभिन्न देशहरूमा बहुराष्ट्रिय कम्पनीहरुसंग एक दशक भन्दा बढी समय काम गरेको अनुभव छ । उहाँ नेपाल ह्याचरी उद्योग संघका कोषाध्यक्ष र पुर्ण स्वचालित प्रविधि सहितको ह्याचरीले सुसज्जित फार्मको संञ्चालक समेत हुनुहुन्छ ।	
७	श्री अनन्त दाहाल	कास्की जिल्ला, ढिकुरपोखरी गा.वि.स.वडा नं.२ को हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं.४	संस्थापक शेयरधनी	३९	नेपाली	१०००००	१.५९	त्रिभुवन विश्वविद्यालय अन्तर्गत कृषि तथा पशु विज्ञान अध्ययन संस्थानबाट पशु विज्ञान स्नातक (B.V.Sc. & A.H.) र स्नातकोत्तर (M.V.Sc.) मा उत्कृष्ट श्रेणी प्राप्त गर्नुभएको छ । सन् २०२० देखि उहाँले पशु विज्ञानमा विद्यावारिधि (PhD) को उपाधिका लागी अध्ययन गरिरहनु भएको छ ।	उहाँ सन् २०१७ देखि हालसम्म विभिन्न कुखुरापालन फर्म र दाना उद्योगहरूमा पशु चिकित्सक सल्लाहकारको रूपमा कार्यरत हुनुहुन्छ । हाल उहाँ कृषि तथा वन विश्वविद्यालय, नेपाल अन्तर्गत पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकायको माइक्रोबायोलोजी तथा परजीवी विज्ञान विभागमा स्थायी प्राध्यापक (सह-प्राध्यापक) को रूपमा कार्यरत हुनुहुन्छ ।	
८	श्री नारायण ढुंगाना	सिन्धुपाल्चोक जिल्ला, फटकशिला, गा.वि.स.वडा नं. २ को परिवर्तित सिन्धुपाल्चोक जिल्ला मेलम्ची न.पा. वडा नं.१३	संस्थापक शेयरधनी	४७	नेपाली	१२५०००	१.९८	स्नातक	पोल्ट्री, भेटेरीनरी औषधि, पशु चिकित्सा औषधिहरुको व्यापारमा बिगत १५ बर्षको व्यापक अनुभव रहेको	
९	श्री किसान दाना उद्योग प्रा.ली.	चितवन जिल्ला, भरतपुर नगरपालिका वडा नं.१२	संस्थापक शेयरधनी		नेपाली	१०००००	१.५९	लागु नहुने		

१०	श्री प्रदिप प्रसाद रेग्मी	धादिङ जिल्ला, जिवनपुर गा.वि.स. वडा नं. ९ को परिवर्तित धादिङ जिल्ला धुनिवेसी नगरपालिका वडा नं.५	संस्थापक शेयरधनी	४०	नेपाली	१०००००	१.५९	उच्च माध्यामीक तह	पोल्ट्री, भेटेरीनरी औषधि, पशु चिकित्सा औषधिहरुको व्यापारमा बिगत २१ बर्षको व्यापक अनुभव रहेको	
११	श्री सुजेन्द्र शाही	नुवाकोट जिल्ला,विदुर नगरपालिका वडा नं.९	संस्थापक शेयरधनी	४६	नेपाली	१०००००	१.५९	प्रमाणपत्र	पोल्ट्री, भेटेरीनरी औषधि, पशु चिकित्सा औषधिहरुको व्यापारमा बिगत २१ बर्षको व्यापक अनुभव रहेको	
१२	श्री दिवेश थापा	नुवाकोट जिल्ला, बिदुर नगरपालिका वडा नं.१ हाल काठमाण्डौं जिल्ला तारकेश्वर नगरपालिका वडा नं.९	संचालक	३८	नेपाली	१०००००	१.५९	स्नातक	पोल्ट्री क्षेत्रमा २५ वर्ष भन्दा बढीको व्यापक अनुभव, पोल्ट्री औषधि आयात तथा बजारीकरण, पशु चिकित्सा औषधिहरुको व्यापार, विभिन्न सामाजीक संथाहरुमा आवद्ता	
१३	श्री सन्तोष कुमार सुवेदी	सर्लाही जिल्ला, इश्वरपुर गा.वि.स.वडा नं.७ को परिवर्तित सर्लाही जिल्ला इश्वरपुर नगरपालिका वडा नं.७	संस्थापक शेयरधनी	४४	नेपाली	१०००००	१.५९	स्नातक	पोल्ट्री औषधि बजारीकरण तथा व्यापार क्षेत्रमा २० वर्ष भन्दा बढीको अनुभव रहेको ।	
१४	श्री अमित कुमार झा	महोत्तरी जिल्ला, बथनाहा गा.वि.स.वडा नं.६ को परिवर्तित मनरासिसवा नगरपालिका वडा नं.१०	संस्थापक शेयरधनी	४५	नेपाली	१०००००	१.५९	स्नातक	पोल्ट्री औषधि बजारीकरण क्षेत्रमा २० वर्ष भन्दा बढीको व्यापक अनुभव रहेको ।	
१५	श्री विजय रानाभाट	का.जि.का.म.न.पा. वडा नं.९	संस्थापक शेयरधनी	४६	नेपाली	१०००००	१.५९	समाजसात्र मा स्नातकोत्तर, MA Major English	सामाजिक कार्य शिक्षण पेशा, खोज अन्वेशण तथा मार्केटिङ्ग क्षेत्रमा बिगत १५ बर्षको लामो अनुभव	
१६	श्री केदार राज पाण्डे	गोरखा जिल्ला पालुङटार गा.पा.वडा नं.६	संस्थापक शेयरधनी	५९	नेपाली	१०००००	१.५९	शिक्षा संकायमा स्नातकोत्तर, BSC भेटेरीनरी डाक्टर	नेपाल सरकारको पशुसेवा बिभाग अर्न्तगत रहि उपसचिव तहमा कार्य गरेको अनुभव, पोल्ट्री र पशुसंग सम्बन्धित पशु चिकित्सा तथा परामर्शदाता तथा पशु चिकित्सा औषधिहरुको व्यापार ।	
१७	श्री लगानी हब प्रा.ली.	काठमाडौ जिल्ला का.म.न.पा.वडा न ३०	संस्थापक शेयरधनी		नेपाली	१०००००	१.५९	लागु नहुने		
१८	श्री रविन पुरी	काठमाडौ जिल्ला नागार्जुन न.पा. वडा न ६	संस्थापक शेयरधनी	५३	नेपाली	३०००००	४.७६	व्यवस्थापन संकायमा स्नातक	श्री रबिन पुरी नेपालको कुखुरापालन उद्योगमा एक प्रसिद्ध उद्यमी हुन् । उहाँले वि.सं. २०४८ देखि यस उद्योगमा सक्रिय रूपमा काम गर्दै आउनुभएको छ। कुखुरा दाना उद्योग, ह्याचरी र कोल्ड स्टोरेज	

									(स्लटर हाउस) मा रणनीतिक लगानी गरेर उहाँले उद्योगमा एक व्यापक मूल्य शृङ्खला सफलतापूर्वक निर्माण गर्नुभएको छ । उहाँ नेपाल दाना उद्योग सङ्घका अध्यक्ष तथा नेपाल उद्योग बाणिज्य महासघको कार्यकारी सदस्य समेत हुनहुन्छ ।	

संचालकहरुको विवरण

सि.नं	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	धारण गरेको कूल शेयर	शेयर स्वामित्व (%)	शैक्षिक योग्यता	प्रस्तावित व्यापार/व्यवसायको अनुभव	अन्य क्षेत्रको अनुभव
१.	श्री हेम राज बडाल	अध्यक्ष	५२	नेपाली	काठमाण्डौ जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३२	३६२०००	५.७५	उच्च माध्यामीक तह	पोल्ट्री क्षेत्रमा मिति २०५४/३/१२ गते देखि निरन्तर पशु चिकित्सा औषधि तथा फिड सप्लिमेन्ट आयात तथा बजारीकरण, पशु चिकित्सा औषधि, ह्याचरी, फार्म र पेलेट फिड मिल जस्ता प्रमुख क्षेत्रहरुमा लगानी रहेको छ । उहाँसँग बलियो बजारिकरण कौशल र देशभित्र पोल्ट्री सञ्चालनको बुझाइ छ ।	
२.	श्री नवराज पौड्याल	संचालक	५१	नेपाली	बारा जिल्ला, निजगढ गा.वि.स.वडा नं.८ को परिवर्तित बारा जिल्ला निजगढ न.पा.वडा नं.९	१११०००	१.७६	स्नातकोत्तर	उहाँको पोल्ट्री उत्पादन र व्यापारमा एक दशक भन्दा बढीको विशेषज्ञता रहेको छ । उहाँले विभिन्न देशहरूमा बहुराष्ट्रिय कम्पनीसँग एक दशक भन्दा बढी समय काम गरेको अनुभव छ र साथै उच्च-स्तरीय निर्णय लिने र संगठनात्मक संरचनामा कामले एउटा प्रतिष्ठित ब्रान्डको नेतृत्व गर्ने अवसर दिन्छ यसले कम्पनीको कार्यसंस्कृति र उद्योगका मापदण्डहरूलाई नयाँ आकार दिने शक्ति प्रदान गर्दछ॥ उहाँ नेपाल ह्याचरी उद्योग संघका महा सचिव र पूर्ण स्वचालित प्रविधि सहितको ह्याचरीले सुसज्जित फार्मको सञ्चालक समेत हुनुहुन्छ ।	
३.	श्री दिवेश थापा	संचालक	३८	नेपाली	नुवाकोट जिल्ला, बिदुर नगरपालिका वडा नं.१ हाल काठमाण्डौं जिल्ला तारकेश्वर नगरपालिका वडा नं.९	१००००	१.५९	स्नातक	पोल्ट्री क्षेत्रमा विगत २०५६/८/९ गते देखि निरन्तर पोल्ट्री औषधि आयात तथा बजारीकरण, पशु चिकित्सा औषधिह?को व्यापार, बिभिन्न सामाजीक संस्थाहरुमा आवद्दता	

४.	श्री सुना सुबेदी	संचालक	४७	नेपाली	काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३२	२६७४०००	४२.४४	व्यवस्थापन संकायमा स्नातक	पोल्ट्री क्षेत्रमा विगत २०५६/१२/१५ देखि निरन्तर पोल्ट्री औषधि आयात तथा बजारीकरण, पशु चिकित्सा औषधिहरुको व्यापार, बिभिन्न सामाजीक संस्थाहरुमा आवद्दता,	
५.	श्री अनिश बडाल	संचालक	२६	नेपाली	काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३२	११०००००	१७.४६	स्नातकोत्तर	मिति २०७७/६/१७ देखि भेटेरीनरी औषधि आयात, पोल्ट्री तथा स्थानिय व्यापार को अनुभव	
६	श्री निरज कार्की	स्वतन्त्र संचालक	५१	नेपाली	काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३४			स्नातक	मिति २०७३/४/२ देखि फार्म व्यस्थामा हाल सम्म आवद्ध	

कम्पनीको संचालक तथा स्वतन्त्र संचालकको नियुक्ति मिति २०८१/९/१ देखि ४ वर्षको सम्मको लागि हुनेछ ।

(आ) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक व्यक्ति नखुलेसम्म) :

संस्थापक कम्पनीको संक्षिप्त परिचय तथा सञ्चालकहरुको नाम, ठेगाना निम्न अनुसार रहेको छ ।

क्र.स.	संस्थाको नाम, ठेगाना	संक्षिप्त विवरण	सञ्चालकको नाम, ठेगाना	शेयर स्वामित्व (कित्ता)
१.	**लगानी हब प्रा. लि. ठेगाना : जि. काठमाडौं, वार्ड नं १०, स्यूचाटार नगरपालिका, नागर्जुन**	स्टक इन्भेष्टमेन्ट, कमोडिटी सम्बन्धि कारोबार तथा हाउजिङ्ग डेभलपमेन्ट गर्ने. घर, घडेरी, जग्गा खरिद बिक्री गर्ने वा भाडामा तथा लिजमा लिने दिने. आधुनिक सुविधा सम्पन्न बिजनेस कम्प्लेक्स तथा आवासीय भवनहरु निर्माण गर्ने. जमिन प्लटिङ्ग गर्ने र ढल, पानी, बिजुली जस्ता भौतिक सुविधाहरु विकास गर्ने. शेयर, डिबेन्चर र बण्डहरु खरीद गरी लगानी गर्ने. म्युचुअल फण्ड सम्बन्धि कार्य गर्ने। कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालमा मिति २०७७/१२/३ मा प्राइभेट लिमिटेडमा दर्ता भएको संस्था हो । रजिष्टर्ड नं.: २५८९५३/०७७/७८ अधिकृत पूँजी :रु.१५,००,००,०००/– जारी पूँजी रु.८,००,००,०००/– चुक्ता पूँजी रु. ८,००,००,०००/–	विष्णु पोखरेल , सिरानचोक-४ गोरखा विनोद ढकाल, मेलम्ची-४, सिन्धुपाल्चोक विजय रानाभाट, का.म.न.पा-९ नवीस पोखरेल, सिरानचोक-४ गोरखा ५दिपक थापा, भरतपुर-१४, चितवन	१,००,०००
२.	**श्री किसान दाना उद्योग प्रा.ली**	किसान दाना एक भेटेरीनरी (कुखुरा, गाइ भैसि, बाखा) हरुको लागी दाना उत्पादन गर्ने उद्योग हो, यसको स्थापना आ ब २०६९।७० मा भएको हो । यो उद्योग रत्ननगर नगरपालिका १२, चितवन स्थित दर्ता रहेको छ । कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालमा मिति २०६९/०८/२४ मा प्राइभेट लिमिटेडमा दर्ता भएको संस्था हो । रजिष्टर्ड नं.: ६७४२/५३५४ अधिकृत पूँजी :रु.३३,००,००,०००/– जारी पूँजी रु.३३,००,००,०००/– चुक्ता पूँजी रु. ३३,००,००,०००/–	रघुनाथ भट्ट, रत्ननगर नगरपालिका १२, चितवन विनोद पोखरेल, रत्ननगर नगरपालिका ९, चितवन विपिन पोखरेल, रत्ननगर नगरपालिका ९, चितवन हिमालय पौडेल, भरतपुर नगरपालिका १४, चितवन	१,००,०००

(इ) संगठित संस्थाको सञ्चालक अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगानाः सो नभएको ।

सूचिकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा संचालकहरु सम्बन्धी व्यवस्थाहरुको पालना तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) को खण्ड (छ) को पालना भएको व्यहोरा जानकारी गराईन्छ ।

क्र.स.	नाम ठेगाना	पद	अन्य संस्थामा संलग्नता सम्बन्धी विवरण
१.	श्री हेम राज बडाल	संचालक	दाउने एग्रो फार्म लिमिटेड, विनय त्रिवेणी-३ सर्दि नवलपरासी, कुखुराको अण्डा उत्पादन गर्ने कम्पनी तथा कुखुराको सम्बन्धीको दाना, पशु चिकित्सकीय सेवा दिने कम्पनी

नोटः सूचिकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा संचालकहरु सम्बन्धी व्यवस्थाहरुको पालना तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) को खण्ड (छ) को पालना भएको व्यहोरा जानकारी गराईन्छ ।

(ई) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण

शेयर खरिद-बिक्री तथा हस्तान्तरण सम्बन्धी व्यवस्था कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीमा गरिएको व्यवस्था बमोजिम हुनेछ ।

"धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" को नियम (३८) को उपनियम (१) मा भएको व्यवस्था अनुरुप धितोपत्र सार्वजनिक निष्कासन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक तथा कर्मचारीहरु तथा स्थानीय बासिन्दाहरु) ले लिएको शेयर सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँट भएको मितिले तीन बर्षको अवधि पूरा नभई बिक्री गर्न पाइने छैन ।

ग.५.ख) संस्थापक/संचालकसंगको कारोबार

(क) कम्पनीबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति मूल्य र त्यस्तो सुविधा दिए वापत कम्पनीले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरणः कम्पनीको संचालकहरुले आर्थिक २०८२/८३ मा प्राप्त गरेको तलब तथा भत्ताको विवरण :

क्र.सं.	नाम	पद	(आ.व ८२/८३) तलब तथा भत्ता रु.मा
१	श्री नवराज पौड्याल	प्रबन्धक संचालक	रु.८,५७,५३३/-
२	श्री अनिश बडाल	संचालक	रु.१८,५७,२५३/-

(ख) माथि बुँदा १ मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिकाः सो नभएको ।

ग.६) सीमित दायित्व सम्बन्धी विवरण

यो कम्पनी प्रचलित कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित तथा संचालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरूको दायित्व निजहरूले खरिद गर्न कबुल गरेको शेयरको अंकित रकमसम्म मात्र सीमित रहनेछ ।

ग.७) संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी,

(क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरणः

(अ) कम्पनीको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ती भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्ता कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभुत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनुपर्ने ।

क्र.सं.	कर्मचारीको नाम	पद	योग्यता	नियुक्ति मिति	शेयर संख्या	कार्यानुभव
१	विवेक सिह महत	प्राविधिक प्रमुख	स्नातकोत्तर		२५०००	२४ वर्ष
२	संजय कुमार यादब	साहायक कारखाना निर्देशक	स्नातकोत्तर	२०७९।१२।१९	-	१३ वर्ष
३	बिनोद पौडेल	गुणस्तर प्रत्यायन प्रवन्धक	स्नातकोत्तर	२०८०।०२।३१	-	८ वर्ष
४	निरज झा	बजार व्यवस्थापक	स्नातकोत्तर	२०८१।१०।२४	-	१५ वर्ष
५	सञ्जु पिला श्रेष्ठ	लेखा अधिकृत	स्नातकोत्तर	२०८०।०५।२२	-	७ वर्ष

(आ) कम्पनीका कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी सम्बन्धी विवरण: सो नभएको ।

(इ) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नुभन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नुपर्ने : सो नभएको ।

(ई) कर्मचारीको संख्या: स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य ।

कम्पनीमा हाल देहाय बमोजिमका कर्मचारीहरु कार्यरत छन्:

क्र.सं.	कुल कर्मचारी संख्या	स्थायी	अस्थायी	करार	ज्यालादारी	अन्य
१.	११९	११९	-	-	-	-

ग.७.ख) सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण

(अ) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा ।

सञ्चालकहरुलाई बैठक भत्ता स्वरुप अध्यक्षज्यूलाई प्रति बैठक रु. २५,०००।- र अन्य संचालकलाई प्रति बैठक रु. १५,०००।- रकम प्रदान गर्ने व्यवस्था रहेकोमा सम्पूर्ण सञ्चालकज्यूहरुबाट लिएको सुविधा तपलशिल बमोजिम रहेको :

क्र.सं.	नाम	पद	(आ.व ८२/८३) तलब तथा भत्ता रु.मा
१	श्री हेम राज बडाल	अध्यक्ष	रु.७,२९,९९१/-
२	श्री नवराज पौड्याल	प्रबन्धक संचालक	रु.८,५७,५३३/-
३	श्री दिबेश थापा	संचालक	रु.२,५०,०००/-
४	श्री सुना सुबेदी बडाल	संचालक	रु.२,५०,०००/-
५	श्री अनिश बडाल	संचालक	रु.१८,५७,२५३/-
६	श्री निरज कार्की	स्वतन्त्र संचालक	रु.२,५०,०००/-

नोट: माथि उल्लेखित सञ्चालकहरुलाई प्रदान गरिएको बैठक भत्ता रकम बाहेक इन्धन तथा भ्रमण खर्च समेत रहेको छ ।

(आ) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृतहरुको नाम, पद र एक आर्थिक वर्षको अवधिभित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम:

क्र.सं.	नाम	पद	(आ.व ८२/८३) तलब तथा भत्ता रु.मा
१	बिवेक सिह महत	प्राविधिक प्रमुख	रु.१७,१६,७८६/-
२	संजय कुमार यादब	सहायक प्राविधिक प्रवन्धक	रु.१५,४७,८५१/-
३	बिनोद पौडेल	गुणस्तर प्रत्यायन प्रवन्धक	रु.९,६१,३३१/-
४	निरज झा	बजार व्यवस्थापक	रु.१२,४२,७८७/-
५	सञ्जु पिला श्रेष्ठ	लेखा अधिकृत	रु.६,७३,७६५/-

(इ) कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण : सो नभएको ।

ग.८) अन्तर्निहीत जोखिम तथा सो को व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :

- उद्योग सञ्चालनमा आइसकेको र बैकबाट समेत ऋण प्राप्त गरिसकेकोले वित्तीय साधनको अभावबाट हुने जोखिम नरहेको ।
- संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पूर्ण रकम प्राप्त भइसकेको र बैंकबाट पनि ऋण प्राप्त भएकोले वित्तीय साधनको अभाववाट हुने कुनै पनि जोखिम नहुने ।

- नेपालको अर्थतन्त्रमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असर कृषि र कृषकसंग सम्बन्धीत व्यवसाय रहेकोले जोखिम न्यून रहेको ।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिमः

- औषधी उद्योगको लागि चाहिने कच्चा पदार्थ कम्पनीसँग प्रयाप्त मात्रामा मौज्दात रहेको ।
- उद्योगलाई चाहिने अन्य कच्चा पदार्थहरु जस्तै API, Excipients, Packaging Materials आदि पदार्थहरुको अभाव हुन नदिन कम्पनीले आवश्यकता अनुसार मौज्दात राख्ने व्यवस्था मिलाएको ।

(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :

- हालको अवस्थामा कम्पनीबाट उत्पादित सम्पूर्ण वस्तु मजबुत सञ्जाल मार्फत सजिलै बजारसम्म पुऱ्याउन सक्षम रहेको र बजारको स्थिति भविष्यमा परिवर्तन आएमा कम्पनीको उत्पादनको मागमा कमी आउन सक्ने जोखिम रहेकोले सो जोखिमलाई न्यूनिकरण गर्नका लागि कम्पनीले आफ्नो बिक्री सञ्जाललाई व्यापक रुपमा विस्तार गर्ने योजना लिएको छ ।
- अप्रत्याशित रुपमा सृजना हुने विश्वव्यापी महामारीको परिस्थितीको कारणले अर्थतन्त्रमा सृजना हुने जोखिमहरु ।
- समान किसिमको नयाँ संस्थाको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धात्मक जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिम न्यून रहेको ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :

उद्योग सञ्चालनमा आइसकेको हुनाले मूल्य अभिवृद्धिको जोखिम नरहेको ।

(ङ) विदेशी विनिमयको जोखिम :

- देशको वैदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिम कम गर्न उक्त दरमा भएको परिर्वतनलाई बिक्री मूल्यमा समायोजन गर्न सकिने ।
- उद्योगका लागि आवश्यक पर्ने कच्चा पदार्थ अन्य देशहरुबाट विदेशी विनिमियममा आयात गरिने हुदा विदेशी विनिमय परिवर्तन भएमा त्यसको असर पर्न जाने र उक्त असरलाई न्यूनिकरण गर्न बैंकबाट Forward Contract कार्यान्वयन गर्ने नीति लिइएको छ ।

(च) कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू:

औषधि कम्पनीको रूपमा, हामीले हाम्रो कार्य सञ्चालनलाई असर गर्न सक्ने विभिन्न कानुनी र इजाजत पत्र प्राप्त गर्ने जोखिमहरू बारे सचेत रहेका छौं । अनुपालन सुनिश्चित गर्न र सम्भावित खतराहरूलाई कम गर्न, हामीले यी जोखिमहरूलाई वर्गीकृत गर्दै, तिनीहरूलाई व्यवस्थापन गर्न प्रभावकारी रणनीतिहरू अपनाएका छौं ।

हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण पुर्वाधार निर्माण तर्फका तथा कम्पनीले आ एण्ड डि गरि उत्पादन तथा बजारीकरण गर्न अनुमति पाएको एलोपेथिक औषधिहरु बजारमा बिक्री भइरहेको छ तथा अन्य बिभिद औषधिहरु माग गर्ने दर्ता गर्ने तथा बजारीकरण गर्नका लागि कानूनी प्रक्रियाहरु पूरा गरिरहेको छौं ।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम:

- देशको आर्थिक अवस्थामा आउन सक्ने आर्थिक गिरावटका कारण खर्च गर्न सक्ने क्षमतामा ह्रास आउने जोखिम ।
- अर्न्तराष्ट्रिय बजारमा हुने महामारी तथा आर्थिक मन्दीले पार्न सक्ने भएकाले सो बाट हुने जोखिमहरु ।

(ज) सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिमः

- नेपाल सरकारले अंगीकार गरेको आर्थिक तथा वित्तीय नीतिमा प्रभाव पार्ने गरी कुनै निर्णय वा कानून लागू गरेमा संगठित संस्थाको आयमा असर पर्न सक्नेछ ।
- देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरु ।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरु ।
(अ) संचालन अवधि तीन बर्ष व्यतित भै सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भैनसकेको अवस्थामा संचालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी **(EPS)** तथा प्रतिशेयर नेटवर्थ निम्न अनुसार छ ।

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.व.	आ.व.	आ.व.	आ.व.	आ.व.	आ.व.
	०८०/०८१	०८१/०८२	०८२/०८३	०८३/०८४	०८४/०८५	०८५/०८६
चुक्ता पुँजी (रु मा)	६३०,०००,०००	६३०,०००,०००	६३०,०००,०००	८००,०००,०००	८००,०००,०००	८००,०००,०००
जगेडा कोष तथा संचित नाफा (रु मा)	११९,९१७,७७०	१४४,५१२,३५६	२३१,३१६,२८६	३५३,३११,७८५	५१८,७४७,४१०	७०७,९६९,६३०
जम्मा (नेटवर्थ) (रु.)	७४९,९१७,७७०	७७४,५१२,३५६	८६१,३१६,२८६	१,१५३,३११,७८५	१,३१८,७४७,४१०	१,५०७,९६९,६३०
जम्मा (नेटवर्थ) (रु.) (पुनर्मुल्यांकन बाहेक)	६८२,५९९,४९६	७०७,८४७,८८३	७९५,३०५,६१४	१,०८७,९५४,९१५	१,२५४,०४४,३४१	१,४४३,९२०,३६३
शेयर संख्या	६,३००,०००	६,३००,०००	६,३००,०००	८,०००,०००	८,०००,०००	८,०००,०००
खुद नाफा (रु)	३१,६००,१२०	२५,६८६,३४७	८७,४४२,१९७	१२३,४०१,०५३	१६६,६२७,९०३	१९०,८४६,७६७
पुनर्मुल्यांकन जगेडा कोष	६७,३१८,२७४	६६,६६४,४७३	६६,०१०,६७१	६५,३५६,८७०	६४,७०३,०६८	६४,०४९,२६७
प्रति शेयर नेटवर्थ (पुनर्मुल्यांकन सहित)	११९.०३	१२२.९४	१३६.७२	१४४.१६	१६४.८४	१८८.५०
प्रति शेयर नेटवर्थ (पुनर्मुल्यांकन बाहेक)	१०८.३५	११२.३६	१२६.२४	१३५.९९	१५६.७६	१८०.४९
प्रति शेयर आम्दानी (EPS)	५.०२	४.०८	१३.८८	१५.९९	२०.८३	२३.८६
नेटवर्थमा औषत प्रतिफल (%)	४.७६%	३.६९%	११.६३%	१२.२०%	१४.२३%	१४.१५%

(आ) विगत तीन बर्षको नेटवर्थमा भएको औसत प्रतिफल : **६.७०%**

**कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनि सुबोध पि एण्ड एसोसियट्सका चार्टड एकाउन्टेण्टबाट गरिएको हो ।

ग.१०) धितोपत्र निष्काशन सम्बन्धी विवरणः

ग.१०.क) धितोपत्र जारी गर्नुको उदेश्य

१) कम्पनीको प्रबन्धपत्रमा रहेको व्यवस्था अनुसार जारी पूँजीको १०% शेयर आयोजना प्रभावित क्षेत्रका स्थानिय वासिन्दाहरुलाई तथा जारी पूँजीको ११.२५% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान अनुरुप शेयर सर्वसाधारणहरुमा (कम्पनीमा कार्यरत कर्मचारी, वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरु तथा सामुहिक लगानी कोष समेत) निष्काशन गरी कम्पनीको चुक्ता पूँजी रु.८०,००,००,०००/- पुर्याउन ।

२) कम्पनीले लिएको बैंक कर्जा रकम चुक्ता गर्ने वित्तीय जोखिम घटाउने, ब्याज रकम कम गर्ने र नयाँ मेसिनरी खरिद तथा उत्पादन विस्तार गर्नका लागि उपयोग गर्ने ।

३) कम्पनीको वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।

४) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न ।

५) आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री गरी स्थानीय बासिन्दाहरुलाई लगानीको अवसर दिन ।

ग.१०.ख) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीका उपयोग :

(अ) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत्सम्बन्धी विवरणः

कम्पनीले आफ्नो जारी पूँजीको २१.२५ प्रतिशत अर्थात रु. १७,००,००,०००/- (अक्षरेपी सत्र करोड मात्र) रकम बराबरको साधारण शेयर सर्वसाधारणलाई निष्काशन गर्नेछ। सो रकम देहाय बमोजिम कर्जा भुक्तानी र नयाँ मेसिनरी खरिद तथा उत्पादन विस्तार गर्नका लागि प्रयोग गरिनेछ ।

क्र.सं.	विवरण	रकम
१	ऋण भुक्तानी (आवधिक कर्जा तथा स्थायी संचालन पूँजी)	रु. १३,००,००,०००/-
२	मेसिनरी खरिद तथा नयाँ उत्पादन विस्तार	रु. ४,००,००,०००/-

(आ) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था :

पछिल्लो समयमा सर्वसाधारणमा धितोपत्र निष्काशन गरेका अधिकांश कम्पनीहरुको सर्वसाधारणमा धितोपत्र निष्काशन गर्दा माग भन्दा बढी धितोपत्रको लागि दरखास्त परेको पाईएकोले यस कम्पनीको समेत धितोपत्र खरीदकालागि माग भन्दा बढी आवेदन आउने विश्वास कम्पनीले लिएको छ । आयोजना प्रभावित क्षेत्र तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुकालागि निष्काशन गरिएको धितोपत्र भन्दा कम धितोपत्र खरीदकालागि माग भएमा माग भएजति धितोपत्र शतप्रतिशत बाँडफाँड गरी बाँकी रहने धितोपत्र सर्वसाधारण समूहलाई छुट्याएको धितोपत्रमा थप गरी बिक्री वितरण गरिनेछ । कथंकदाचित सर्वसाधारणको लागि निष्काशन गरिने धितोपत्र खरीदकालागि समेत पूर्ण रुपमा आवेदन प्राप्त नभएमा बिक्री नभई बाँकी रहने धितोपत्र खरीद गर्नकालागि नियुक्त भएको प्रत्याभूतिकर्ताद्वारा खरीद गरिने प्रत्याभूति प्रतिवद्धता रहेको छ ।

(इ) परियोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण :

यस कम्पनीबाट काभ्रे जिल्ला पाँचखाल नगरपालिका होक्से वडा न. ७ स्थित कान्तिपुर फर्मास्यूटिकल्स ल्याव लिमिटेडको निर्माण कार्य सम्पन्न भई आंशिक रुपमा आ.व. २०७७/७८ बाट संचालनमा आईसकेको छ। साथै कम्पनीले आ.व. २०८१/८२ सम्ममा पूँजीकृत गरेको खर्च देहाय बमोजिम रहेको छ ।

क्र.स.	सम्पति	स्थल	रकम	सामन्य खर्च	थप खर्च	कुल रकम
१	जग्गा तथा जग्गा विकास	पाँचखाल -७, काभ्रे (उद्योग परिसर) र ललितपुर. -८, कर्पोरेट कार्यालय	१११,२२७,१७०	-	-	**१११,२२७,१७०**
२	भवन तथा संरचना	पाँचखाल -७, काभ्रे (उद्योग परिसर) र ललितपुर. -८, कर्पोरेट कार्यालय	३७९,५२९,१६९	-	-	**३७९,५२९,१६९**
३	फनिर्चर तथा फिक्स्चर	पाँचखाल -७, काभ्रे (उद्योग परिसर) र ललितपुर. -८, कर्पोरेट कार्यालय	७,०२५,३८९	-	-	**७,०२५,३८९**
४	प्लान्ट एण्ड मेसिनरी	पाँचखाल -७, काभ्रे (उद्योग परिसर) र ललितपुर. -८, कर्पोरेट कार्यालय	२२६,११५,२६३	-	-	**२२६,११५,२६३**
५	सवारी साधन		१९,१७४,८६६	-	-	**१९,१७४,८६६**
६	कार्यालय उपकरण	पाँचखाल -७, काभ्रे (उद्योग परिसर) र ललितपुर. -८, कर्पोरेट कार्यालय	३००,१७६	-	-	**३००,१७६**
७	कमप्यूटर तथा प्रिन्टर्स	पाँचखाल -७, काभ्रे (उद्योग परिसर) र ललितपुर. -८, कर्पोरेट कार्यालय	२,२०४,३८३	-	-	**२,२०४,३८३**

८	अन्य सम्पत्ती	पाँचखाल -७, काभ्रे (उद्योग परिसर) र ललितपुर. -८, कर्पोरेट कार्यालय	२३,५६०,३२३	-	-	२३,५६०,३२३
जम्मा			**७६,९१,३६,७३८**	**-**	**-**	**७६,९१,३६,७३८**

(ई) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :
कान्तिपुर फर्मास्यूटिकल्स ल्याब लिमिटेड आंशिक रुपमा निर्माण सम्पन्न भई आ.व. २०७७/७८ देखि सञ्चालनमा रहेको र आ.व. २०८१/४/२३ गते देखि पूर्ण रुपमा संचालनमा आईसकेको छ ।

(उ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रास्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य बूँदाहरु :
संस्थाले खरिद गरेको उपकरणको :
कम्पनीको उद्योग पूर्ण रुपमा सञ्चालनमा रहेको र हालसम्म उद्योगलाई आवश्यक पर्ने अत्याधुनिक प्रविधियुक्त महत्वपूर्ण प्लान्ट, मेशिनरी तथा इक्विपमेन्टहरु Adarsh Trunkey Projects, Buildit engineering and construction, Rayyan Trading Corporation, jagdamba polytank, swoniga suppliers, buildit engineering, water care Nepal, Nepal scientific instrunment solution, Nepal Pharma horizon, NPM Process Equipment, NPM Machinery, Thermonik Lab Equipments ltd, Newtronic lab care equipments बाट आयात तथा खरिद गरी जडान भइसकेको छ ।

क्र.स.	उपकरण तथा जडित प्लान्ट	रकम रु.
१	1 LTR HD BLOW DIE	१८६,२४८
२	200 KVA GENERATOR	२,६००,०००
३	42 AH 12 V EXIDE BATTERY	४४६,११९
४	AIR COMPRESSOR	२,८९७,६०२
५	AIR CONDITIONER	८६६,४७८
६	AIR CONDITIONING MACHINERY	३,४५६,६०९
७	AIR CURTAIN	४५१,९४३
८	AUTOCLAVE	१,५३०,०४४
९	BLENDER MACHINE	१,६८९,१२८
१०	BOTTLE MOULDING MACHINE	६,३००,०३१
११	BULK BAG FILLER	९३२,३९५
१२	CABINET EXHAUST FAN 2500 CFM (12*12) @ 25MM	११९,७८०
१३	CLEAN BENCH BIO SAFETY CABINET	५९४,११६
१४	CLEAN ROOM EQUIPMENT	१,८४३,८८५
१५	CONDENSING UNIT OF 11 TR WITH ALL ASSESSORIES	६००,०००
१६	CONVEYER MACHINE	१,२७८,३३१
१७	DEHUMIDIFIER WDE 50 LTR	१४३,२०६
१८	DIE	९३०,६५५
१९	DIGITAL ANITBIOTIC ZONE READER	३३३,९४२
२०	DIGITAL MELTING POINT APPARATUS	२३३,६९३
२१	DIGITAL TABLET HARDNESS TESTER	३३०,९४१
२२	DIGITAL TABLET MACHINE	१६३,८५०
२३	DIGITAL TAPPED DENSITY APPARATUS	१२१,३७४
२४	DISINTEGRATION TESTER	४२७,३७८
२५	DISPENSING BOOTH MACHINE	१५,६६५,८८४
२६	DISSOLUTION MACHINE WITH VALIDATION KIT MODEL: DRS-8N	६४५,३९७
२७	DRYER MACHINE	२,४३७,८१४
२८	ELECTRIC FLAME PROOF DRUM PUMP	१७३,१५०
२९	ELECTRMAGNETIC SIEVE SHAKER MODEL	३५६,८४४
३०	FACTORY CLEAN ROOM PARTITION	४३,९९९,३२३
३१	FBD MACHINE	१६७,९४८

৩২	FIRST PLUS LR VISCOMETER	৫৩৪,৮৩৯
৩৩	FLAME PHOTOMETER	১৫৮,৮০৮
৩৪	FLUSH TYPE DOUBLE SKIN DOOR	৩,৫৮১,৪৩০
৩৫	FLUSH TYPE DOUBLE SKIN WINDOW	৩২৮,৯৫৩
৩৬	FRIABILITY TESTER	২৭২,৫৩৩
৩৩	FUME HOOD WITH ACCESSORIES	১,৩৮৫,৩৮২
৩৮	GPT- PK 10 PASTE KETTLE	২৯৪,৬০২
৩৯	GPT-25 LTR JACKETED TANK WITH HOMOGENIZER	১০৩,৪৬৯
৪০	GRANULATOR	১৩,০৩৪,৬৪৪
৪১	HEATLESS AIR DRYER & INLET AIR FLOW	২৬৯,৪২৮
৪২	HUMIDITY CHAMBER	১,৪৩৬,২৯১
৪৩	HVAC AHU WORK	১৯,২৫০,৩৩৬
৪৪	HYDRAULIC FLOOR CRANE	১৪৬,৮৮০
৪৫	INCUBATOR	৪৩৪,০৩৬
৪৬	Lab Equipment	৬৬৬,৩৮৯
৪৩	LAB OVEN	৪০০,৩৫৯
৪৮	LIQUID FILING MACHINE 1	১৩,৩১৫,৮২৩
৪৯	LIQUID FILING MACHINE 2	২৫,৬৫৩,৮০৩
৫০	MASS MIXTURE MACHINE	৩৯১,১৩৩
৫১	MB90-EU MOISTURE ANALYZER	১৯২,১০০
৫২	METAL DETECTOR MACHINE	৫৬২,৫৩৩
৫৩	MICROSCOPE	১৬৯,৫০০
৫৪	MOISTURE ANALYZER	২৪১,২৫৫
৫৫	MUFFLE FURNANCE	২০৩,০৩৩
৫৬	MULTI MILL MACHINE	১,০৯১,৫৮১
৫৩	PACKAGE INTEGRITY TESTER	৫০৩,৩৪৩
৫৮	PACKAGE INTEGRITY TESTER	৩২২,৪৫৫
৫৯	Paste Making Kettle	১৫৮,২৩৫
৬০	POUCH PACKING MACHINE	৩,৬০২,৩৩০
৬১	POWDER FILING MACHINE	৮,৬৮৩,৮৫৪
৬২	PULVERISER MACHINE	৩৪৩,৫৩১
৬৩	REFRACTOMETER	৪২০,৬৪৯
৬৪	RIBBON BLENDER MACHINE 500KG	৬৮৩,৩৫৬
৬৫	Rotary Gear Pump	২৬৫,২১৯
৬৬	SHIFTER MACHINE	৬৪১,৪৮০
৬৩	SPECTRALAB AUTOMATION POTENTIOMETRIC TITRATOR	৬৯৮,৪৮৫
৬৮	SPECTRALAB KARL FISCHER TITRATOR	৩৯০,১৮২
৬৯	SPECTRALAB KJELDHAL NOTROGEN ANALYZER	৩০৪,৮৪৫
৩০	SPECTRALAB PH/ CONDUCTIVITY METER	১০১,৯৫১
৩১	SPECTROPHOTO METER DETECTOR WITH ACCESSORIES	৬,৩৬২,৮৯১
৩২	STAINLESS STEEL NORMAL CONICAL CONTAINER 50 LTR CAP	১০৩,২৪৩
৩৩	STRIP PACKING MACHINE	৪,৩৬১,৯২৩
৩৪	SUPPLY OF CONDENSING UNIT OF 8.5 TR WITH ALL ASSESSORIES	৪০০,০০০
৩৫	TABLET COMPRESSION MACHINE	৪,২২৩,০০৩
৩৬	TABLET DISSOLUTION TEST APPARATUS MACHINE	৩৩২,৩৬৬
৩৩	TABLETING MACHINE 1	৩,৩৬২,৬৯১

७८	TABLETTING MACHINE 2	७,१९७,६३७
७९	THERMAL INKJET PRINTER	५८८,०४५
८०	TRANSFORMER	२,३१०,५९१
८१	TUBE FILLING SEALING & CRIMP LINE	९८८,७१२
८२	VACCUUM OVENS	१८९,०७१
८३	WASHING MACHINE	२२९,१०४
८४	WATER TREATMENT PLANT	१४,३४०,०१५
८५	WEIGHTING MACHINE	८८२,९७७

(ऊ) **कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको ।

(ए) **उत्पादन सम्बन्ध आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्दा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** कम्पनीले उत्पादन गर्ने वस्तु आहारपूरक पदार्थ तथा पशु चिकित्सामा प्रयोग हुने एलोपेथिक औषधी हो । यसको लक्षित वर्ग नेपालका सातै प्रदेश मा रहेको ठुला पोल्ट्री, तथा पशु फार्म तथा ७७ वटै जिल्लामा पालन भएको घर पालुवा वस्तुहरु हुन् । उत्पादन तथा सेवालाई बिक्री वितरण गर्नका लागि सातवटै प्रदेशका मुख्य व्यापारिक केन्द्रहरूमा प्रचलित प्रबर्धन कार्य निर्देशिका अनुसार रणनीति बनाई बजारीकरणका लागि चयन गरिएका बजार प्रतिनिधि तथा मार्केटिङ टिममार्फत विशिष्ट तरिकाले औषधिको बजार प्रबर्धन गर्ने व्यवस्था मिलायको छौ । यससँगै, कम्पनीले आर्थिक वर्ष २०७७/७८ मा आंशिक रूपमा व्यावसायिक उत्पादन सुरु गऱ्यो ।

(ऐ) **आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत :** यस कम्पनीको उत्पादनमा प्रयोग हुने कच्चा पदार्थहरु जस्तै API, Excipients, Packaging Materials आदी हुन् । अन्य आवश्यक कच्चा पदार्थहरु भारत चीन तथा अन्य देशबाट आयात गर्दछ भने Bottles लाई चाहिने कच्चा पदार्थ आयात गरी आफ्नो उद्योगमा उत्पादन गर्दछ भने caps, labels र अन्य packaging materials (carton, box) घरेलु बजारबाट तथा भारत र चीनबाट आयात गर्दछ ।

(ओ) **आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत** : कम्पनीले उद्योग संचालनका लागि देहाय बमोजिम अनुरुपको विद्युत, पानी, ग्यासको मात्रा रहेको छ तथा सो को श्रोत देहाय अनुरुप रहेको छ ।

क्र.सं.	विवरण	आवश्यक मात्रा	श्रोत
१	विद्युत	५०० के.भी	नेपाल विद्युत प्राधिकरण
२	पानी	६०,००,००० लि.	स्थानीय स्रोत तथा ट्युब वेल
३	ग्यास तथा डिजेल	५००० लि.	आयाल निगम

(औ) **सार्वजनिक निष्कासनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु सम्बन्धी विवरण :**

(१) **निष्काशन तथा बिक्री प्रबन्धकलाई दिईने शुल्क :** रु. ३,००,०००/–

(२) **ट्रष्टि (डिवेन्चर/बण्ड निष्काशनको हकमा):** निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।

(३) **प्रत्याभूतिकर्ता शुल्क:** प्रत्याभुति शुल्क रु.१,७०,०००/-

(४)**विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क :** वित्तिय प्रक्षेपण तयार गरिदिने विशेषज्ञलाई सेवा शुल्क वापत रकम रु. १,५०,०००/- बुझाइने छ ।

(५) **लेखापरीक्षकको शुल्क:** लेखा परिक्षकलाई दिने शुल्क रु. २,८२,५००/- मु.अ.कर बाहेक ।

(६) **क्रेडिट रेटिङ्ग शुल्क:** रु.१,००,०००/- मु.अ.कर बाहेक ।

(७) **अन्य:** सूचना प्रकाशन, आवेदन प्रशोधन लगायतका अन्य खर्चहरु बिल बमोजिम ।

ग.१०.ग) **सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण:** सो नभएको ।

ग.१०.घ) **प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य :** शेयरको मूल्यमा प्रिमियम थप गरिएको छैन ।

ग.१०.ङ) **धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण:**

(अ) **अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :**

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरीदका लागि आवेदनकर्ताहरुबाट अत्याधिक माग भई आएको अवस्थामा प्राप्त आवेदनहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार साधारण शेयरहरुलाई बाँडफाँड गरिनेछ । त्यसैगरी निष्काशन गरिएको अवधि भरमा समेत सर्वसाधारणहरुबाट न्यून माग भई आएको अवस्थामा बाँकी रहेको शेयर

प्रत्याभूतिकर्ताबाट प्रत्याभूति सम्झौतामा उल्लेख भएको शर्त बमोजिम खरीद हुनेछ । त्यसैगरी शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

(आ) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्थाः

धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार शेयर बाँडफाँड गरे पश्चात स्थानीय वासिन्दाहरुको हकमा बाँडफाँडमा नपरेको रकम आवेदनकर्ताले आवेदन फारममा उल्लेख गरेको बैंक खातामा सोझै जम्मा हुने गरी IPS मार्फत फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईने छ । साथै, शेयर बिक्री बन्द भए पश्चात् नेपाल धितोपत्र बोर्डले तोकेको समयावधि भित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरी "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराइनेछ र सोही विवरण अनुरुप सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँटमा नपरेको शेयर बापतको रकम सम्बन्धित आवेदकहरुको रोक्कारहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ ।

(इ) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :

धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्वा) को अनुसार व्यवस्था गरिने ।

(ई) धितोपत्रको बाँडफाँट तथा प्रमाण पत्र जारी सम्बन्धी प्रकृया र समयावधी :

निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचीकरण भए पश्चात "धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

(उ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण : हाल सम्म सूचिकरण भैनसकेको ।

(ऊ) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद र बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :

यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोस्रो बजारमा कारोबार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको गर्ने व्यवस्था मिलाइनेछ ।

ग.१०.च) प्रत्याभूति सम्बन्धी विवरणः

(अ) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकमः

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको शत प्रतिशतले हुने १७,००,००० कित्ता साधारण शेयरको लागि रु. १७,००,००,०००/- रकम बराबरको प्रत्याभूति सेवा देहाय बमोजिमका कम्पनीहरुद्वारा प्रदान गरिएको छ ।

क्र.सं.	प्रत्याभूतिकर्ताको नाम	ठेगाना	प्रत्याभूत शेयर कित्ता	प्रत्याभूत गरिएको रकम (रु.)	कमिशन रकम (रु.)
१	प्रभु क्यापिटल लिमिटेड	कमलादी	१७,००,०००	१७,००,००,०००/-	रु.१,७०,०००/-
जम्मा			**१७,००,०००**	**१७,००,००,०००/-**	**१,७०,०००/-**

(आ) धितोपत्र प्रत्याभुतिकर्ता संग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरुः

यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको धितोपत्रको प्रत्याभूतिकर्तासँग मुख्य बुँदाहरु देहाय बमोजिम रहेको छ ।

१. निष्काशन कम्पनीले नेपाल धितोपत्र बोर्डबाट प्रत्याभूति सेवा प्रदान गर्नका लागि ईजाजतपत्र प्राप्त प्रत्याभूतिकर्ताहरुलाई प्रति शेयर रु.१००/- अंकित दरले सार्वजनिक निष्काशन गरिने १७,००,००० थान साधारण शेयरहरुको प्रत्याभूतिकर्ता नियुक्त गरेको छ ।

२. सर्वसाधारणलाई निष्काशन पश्चात सम्पूर्ण शेयरहरुको बिक्री भएमा प्रत्याभूतिकर्ताको दायित्व स्वतः समाप्त भएको मानिनेछ । यदि सम्पूर्ण शेयर बिक्री नभई बाँकी रहेमा बाँकी रहेको शेयर बराबरको प्रत्याभूतिको दायित्व शेयर प्रत्याभूतिकर्ताको हुनेछ ।

३. प्रथम पक्षले जम्मा १७,००,००० कित्ता शेयरको प्रत्याभूति व्यवस्था गर्न प्रत्याभूतिकर्ताहरु संग यस सम्झौता अनुसार प्रत्याभूति कमिसन ०.१० प्रतिशतले हुने जम्मा रकम रु.१,७०,०००/– (अक्षरेपि एक लाख सत्तरी हजार) मा आवश्यक कर कट्टी गरी प्रत्याभूति गरेको शेयरको अनुपातमा पछि फिर्ता नहुने गरी उपलब्ध गराउनुपर्नेछ । सो कमिसन बापतको हुन आउने रकम सम्झौतामा हस्ताक्षर भएको मितिले सात दिन भित्र प्रदान गर्न प्रथम पक्ष मञ्जुर गर्दछ । सो कमिशन रकम फिर्ता नहुने (Non-Refundable) का साथै सो रकममा प्रत्याभूतिकर्ताले नेपाल धितोपत्र बोर्डलाई दिनुपर्ने ३% कमिशन रकम समेत संलग्न हुनेछ । यदि सर्वसाधारणलाई जारी गरेको शेयर बिक्री नभएमा बिक्री नभएको शेयर बराबरको रकमको ३ प्रतिशतका दरले प्रत्याभूति शुल्क द्वितिय पक्षलाई बुझाउन प्रथम पक्ष मञ्जुर गर्दछ । कमिशन रकम वापतको किस्ता समय सिमा भित्र प्रदान नगरेमा दोस्रो पक्षले यस सम्झौता रद्द गरि नियामक निकायमा जानकारी गराउन सक्नेछ ।

४. प्रत्याभूतिकर्ताले बुँदा नं. १ बमोजिम प्रत्याभूत गरिएको शेयर पूर्ण वा आंशिक रुपमा खरीद गर्नुपर्ने अवस्था आएमा सोही दफामा उल्लेखित प्रत्याभूत गरिएको शेयर खरीद गर्नु पर्ने शेयरको रकम निष्काशन कम्पनीले निष्काशित शेयर बाँडफाँट भएको २१ (एक्काइस) दिनभित्र निष्काशनकर्ता कम्पनीलाई चुक्ता गर्नु पर्नेछ । त्यसैगरी, प्रत्याभूतिकर्ताले निष्काशनकर्ता कम्पनीलाई रकम भुक्तान गरेपछि

निष्काशनकर्ता कम्पनीले निष्काशन तथा बिक्री प्रबन्धक मार्फत सोही अनुसार शेयर अनुपातमा बाँडफाँड गरी सो शेयरहरु प्रत्याभूतिकर्ताले उपलब्ध गराएको हितग्राही खातामा उपलब्ध गराउनु पर्नेछ ।

५. प्रत्याभूतिकर्ताको दायित्व निजले प्रत्याभूति गर्न मञ्जुर गरेको अनुपात रकमको हदसम्म मात्र कायम रहनेछ । प्रत्याभूतिकर्ताहरुले आफ्नो दायित्व अनिवार्य रुपमा पूरा गर्नुपर्नेछ । निष्काशन कम्पनीले निष्काशन गर्ने शेयरहरु पूर्ण रुपमा खरीद भए पछि प्रत्याभूतिकर्ताको दायित्व स्वतः समाप्त हुनेछ ।

६. यस सम्झौतापत्रको म्याद २०८३/८/१७ गते सम्म कायम रहेकोमा मिति २०८३/१०/२५ गते सम्मको लागि समयावधि थप गरिएको छ ।

७. दैवी/प्राकृतिक प्रकोप परेमा, महामारी भएमा, निष्काशन कम्पनीलाई नियामक निकायले नियन्त्रणमा लिएमा, तत्कालै सुधारको निमित्त कारवाही प्रारम्भ गर्ने निर्देशन दिएमा, दामासाहीमा जाने निर्णय गरेमा, टाट उल्टेमा, इजाजतपत्र निलम्बन वा खारेज भएमा, कुनै पनि अनियमितताको अनुसन्धान भएमा, प्रस्तावित मूल्य बजार मूल्य भन्दा बढि भएमा जस्ता कुनै असाधारण अवस्था उत्पन्न भई पक्षहरुको काबु बाहिरको परिस्थिति उत्पन्न भएमा तथा निष्काशन कम्पनीले नेपाल धितोपत्र बोर्डमा पेश गरेको विवरणपत्रमा उल्लेखित विवरणहरु त्रुटिपूर्ण वा पर्याप्त नभएको वा कुनै विवरण पेश नगरेको कारण धितोपत्रको स्वीकृति पूर्व वा पश्चात् निष्काशन कार्य प्रभावित भई प्रत्याभूति गर्नुपर्ने अवस्था आएमा प्रत्याभूतिकर्ताले सो कुरा निष्काशन कम्पनीलाई जानकारी गराउनुपर्नेछ र सो जानकारी पाएको मितिले १ (एक) महिना भित्र कम्पनीले सो परिस्थितिहरुबाट सामान्य अवस्थामा ल्याउनु पर्नेछ, ल्याउन नसकेमा प्रत्याभूतीकर्ताले ७ (सात) दिनको सूचना दिएर यो सम्झौता अन्त्य गर्न सक्नेछ ।

८. निष्काशन कम्पनीले निष्काशन गर्न लागेको शेयरको निष्काशन तथा बिक्री खुला हुनु अगावै कुनै प्रकारको निष्काशनलाई प्रभावित हुने प्रकृतिको जस्तैः कुनै गम्भिर कानुनी कारवाही परेमा, सञ्चालक समितिमा सारभूत परिवर्तन भएमा, प्रमुख व्यवस्थापकहरु परिवर्तन (आन्तरिक सरुवा वाहेक) भएमा, कम्पनीले नेपाल धितोपत्र बोर्डमा पेश गरेको विवरणपत्रमा उल्लेखित विवरणहरु त्रुटिपूर्ण वा पर्याप्त नभएको वा कुनै विवरण पेश नगरेको कारण धितोपत्रको स्वीकृति पूर्व वा पश्चात् निष्काशन कार्य प्रभावित भई प्रत्याभूति गर्नुपर्ने अवस्था आएमा, अप्रत्याशित रुपमा ठुलो दायित्व श्रृजना भएमा वा कम्पनीले अप्रत्याशित रुपमा ठुलो नोक्सानी व्यहोर्नुपर्ने भएमा सो कुराको जानकारी सार्वजनिक रुपमा आउनु अगावै लिखित रुपमा प्रत्याभुतिकर्तालाई गराउनु पर्नेछ । सो जानकारी प्राप्त भएपछि प्रत्याभूतिकर्ताले त्यसबाट पर्न जाने जोखिमको पूनर्मूल्याङ्कन गरी यस सम्झौतापत्र प्रत्याभूतिकर्ताले रद्द समेत गर्न सक्नेछ ।

९. दुवै पक्षको आपसी सहमतिमा यस सम्झौता पत्रका शर्तहरू परिवर्तन गर्न, परिमार्जन गर्न वा संशोधन गर्न सकिनेछ र त्यस्ता परिवर्तनहरू यो सम्झौता पत्रको अभिन्न अङ्ग मानिनेछ ।

१०. यो सम्झौतापत्रमा उल्लेखित कुनै शर्त तथा त्यसको पालना एवं व्याख्याका विषयमा निष्काशन कम्पनी तथा प्रत्याभूतिकर्ता बीच कुनै विवाद उत्पन्न भएमा सो विवाद आपसी छलफल गरी सहमतिबाट समाधान गरिनेछ । यसरी आपसी सहमतिबाट विवादको समाधान नभएमा प्रचलित कानून बमोजिम विवादको समाधान गरिनेछ ।

११. यस सम्झौताको कार्यान्वयन मुलुकी देवानी संहिता ऐन, २०७४ बमोजिम हुनेछ ।

ग.१०.छ) आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु :

(अ) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण,

यस विवरणपत्र अनुसार निष्काशन गरिएका शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(आ) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सोभन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण,

१. कम्पनीको रजिष्टर्ड कार्यालय ललितपुर जिल्ला, ललितपुर महानगरपालिका-८ तथा यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटल लिमिटेड, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी कम्पनीको प्रबन्धपत्र तथा नियमावली प्राप्त गर्न वा हेर्न सकिनेछ ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिँदा आयोजना प्रभावित क्षेत्रका दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/– का दरले हुन आउने एकमुष्ट रकम निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ । आयोजना प्रभावित क्षेत्र बाहेकका सर्वसाधरण दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/– का दरले C–ASBA प्रणाली मार्फत आवेदन दिन सक्नेछन् ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ता भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १०,००० कित्ता सम्म साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिनु सक्नेछ ।

(इ) आवेदन दिँदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु:

१) धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा २२ को उपदफा (१) बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु, कर्मचारी वा संस्थापकको रुपमा वा अन्य कुनै प्रकारबाट प्रारम्भिक सार्वजनिक निष्काशन गर्नुपूर्व सङ्गठित संस्थाको शेयर प्राप्त गरेको शेयरधनी तथा संस्थापक शेयरधनीका एकाघरको सदस्यले यस निष्काशनमा आवेदन दिन पाइने छैन ।

२) सर्वसाधारण लगानीकर्ताहरुको हकमा सि-आस्वा (C-ASBA) प्रणाली मार्फत मात्र आवेदन दिन सकिने व्यवस्था भएको हुंदा आफ्नो खाता रहेको बैंक तथा वित्तिय संस्था मार्फत वा हाल सिडिएससी (CDSC) ले प्रयोगमा ल्याएको मेरो शेयर (Meroshare) मार्फत शेयर खरिदका लागि आवेदन गर्न सकिनेछ ।

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा :

आयोजना प्रभावित क्षेत्र काभ्रेपलान्चोक जिल्लाका (पाँचखाल नगरपालिका वडा नं. ७) प्रभावित क्षेत्र स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरका लागि निम्न बमोजिम आवेदन दिन सक्नेछन् ।

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजना प्रभावित क्षेत्रका बासिन्दा प्रमाणित गर्ने स्थानीय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।
२. १६ बर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ ।
३. १६ बर्ष भन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।
४. विवाह भै आएका महिलाका हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनु पर्नेछ ।
५. बसाईंसराई गरि आएको हकमा आह्वानपत्र प्रकाशित हुनु भन्दा अगावै बसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।
६. माथि उल्लेखित हुन छुटेका वितरण प्रक्रियामा विवाद आएमा सम्बन्धित गाउँपालिका/न.पा. को निर्णय सहितको सिफारिस पत्र वा कम्पनीको निर्णय बमोजिम हुनेछ ।
७. १६ बर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी सिन्धुपाल्चोक जिल्ला छोडी अन्य जिल्ला गएका महिला एवं सिन्धुपाल्चोक जिल्ला छोडि बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।
८. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।
९. धितोपत्र खरिद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागी दरखास्त बुझाउनु पर्नेछ ।
१०. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।
११. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।
१२. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।
१३. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुन: आवेदन दिन पाउने छैनन् ।
१४. सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा **Clearing House** को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।
१५. रु.५०,०००/-भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।
१६. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु. ५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान **(PAN No.)** नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ ।
१७. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनुपर्नेछ ।
१८. हितग्राही खाता खोलिसकेको आवेदकको हकमा हितग्राही खाता नं. उल्लेख गर्नुपर्नेछ ।
१९. साथै नेपाल धितोपत्र बोर्डबाट मिति २०७५/१०/०७ को निर्देशन बमोजिम आयोजना प्रभावित क्षेत्रका स्थानियवासीहरुले ऐच्छिक रुपमा आस्वा प्रणाली मार्फत आवेदन दिन सक्ने छ ।

२०. C-ASBA सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुले आवेदन फारम बुझिलिंदा उल्लेखित कागजात संलग्न गरे नगरेको यकिन गरी सक्कल कागजातसंग रुजु गरेर मात्र बुझिलिनुपर्नेछ र यसरी बुझीलिएको फारम तोकिएको समयावधि भित्र C-ASBA प्रणालीमा प्रवृष्टि गर्नुपर्नेछ ।

वैदेशिक रोजगारमा रहेका नेपालीहरुको हकमा :

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।

२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।

४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईन पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन् ।

५. निष्काशित शेयरमा आवेदन दिई बाँडफाँडमा परेका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन्।

६. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

७. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् ।त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ ।

८. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

९. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :

क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा ।

घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।

ब. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

च. आवेदकको हितग्राही-डिम्याट खाता नम्बर ।

१०. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय (Dormant) रहेको हुनु हुदैन ।

११. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।

१२. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१३. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१४. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

१५. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१६. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

१७. वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता र सो भन्दा बढीका लागि १० (दश) अंकले भाग जाने संख्यामा अधिकतम ७,००० (सात हजार) कित्तासम्मका लागि आवेदन दिन सकिनेछ ।

सर्वसाधारणको हकमा :

१. कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन ।

२. यस विवरणपत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन्।

३. आस्बा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाल(ASBA)अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका,२०७४को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

४. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

५. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुँदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

६. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फारम भरीबुझाउनु पर्नेछ :
   क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
   ख. आवेदकको नाम, थर, ठेगाना, नागरिता नं., दस्तखत , सम्पर्क फोन नं., इमेल ।
   ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
   घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
   ब. खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा) ।
   च. आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाकोनाम, ठेगाना, खाता नं. र खाताको किसिम
   छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।

७. आवेदकले आवेदन दिँदा सि–आस्वा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय रहेको हुनुहुँदैन ।

८. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।

९. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्ध गरिनेछ ।

१०. वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि निष्काशन गरिएको शेयरमा बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन्। यदि आवेदन गरेको पाईएमा सो आवेदन स्वत: अयोग्य ठहरिने छ ।

११. धितोपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा नियमक निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गरिनेछ ।

१२. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१४. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकले भाग जाने संख्यामा अधिकतम १०,००० (दश हजार) कित्तासम्मका लागि आवेदनदिन सकिनेछ ।

१५. रु.५ लाखसम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) दरखास्त फारममा खुलाउनुपर्नेछ ।

ग.११) सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण:

निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोबार भएको वा कुनै कारोबार गर्न प्रस्ताव गरिएको भए कारोबारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्थासंगको सम्बन्ध, कारोवारको प्रकृति र रकम सम्वन्धी विवरण :

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति:

निष्काशनकर्ता संगठित संस्थासंग कम्पनीको प्रबन्धक संचालक तथा संचालकले विगत २ वर्षको अवधिमा गरिएको वस्तुगत कारोबार (आर्थिक) निम्नानुसार रहेको ।

क्र.सं.	नाम	पद	तलब तथा भत्ता रु.मा (आ.व ८१/८२)	तलब तथा भत्ता रु.मा (आ.व ८२/८३)
१	श्री नवराज पौड्याल	प्रबन्धक संचालक	रु.७,४७,४७८/-	रु.८,५७,५३३/-
२	श्री अनिश बडाल	संचालक	रु.१३,९७,२४७/५०	रु.१८,५७,२५३/-

(ख) आधारभूत शेयरधनी:

निष्काशनकर्ता संगठित संस्थासंग कम्पनीको आधारभूत शेयरधनीले विगत २ वर्षको अवधिमा गरिएको वस्तुगत कारोबार (आर्थिक) निम्नानुसार रहेको ।

क्र.सं.	नाम	पद	तलब तथा भत्ता रु.मा (आ.व ८१/८२)	तलब तथा भत्ता रु.मा (आ.व ८२/८३)
१	श्री नवराज पौड्याल	प्रबन्धक संचालक	रु.७,४७,४७८/-	रु.८,५७,५३३/-
२	श्री अनिश बडाल	संचालक	रु.१३,९७,२४७/५०	रु.१८,५७,२५३/-

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य: कारोबार नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था: सो नभएको ।

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा निजको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा कम्पनीको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा: कुनै कारोबार वा सम्झौता गरेको छैन ।

(च) कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋणबापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदिको विवरण: सो नभएको ।

ग.१२) विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :

विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्वन्धित सम्झौताको मुख्य तथा तात्विक बूंदाहरु : सो नभएको ।

ग.१३) सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नुपर्ने:

(क) संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको शेयर संख्या: निष्काशनकर्ता कम्पनी सूचिकृत संगठित संस्था नभएको ।

(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कूल दिन र कुल कारोबार भएको धितोपत्र संख्या : सो नभएको ।

ग.१४) पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :

संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण : हालसम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

ग.१५) परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण:

(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्य सँगसंलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :

(१) लेखापरीक्षक :

कम्पनीको आ.व.२०८२/८३ मा यस संगठित संस्थाको लेखापरीक्षकमा एन.बि.एस.एम.एण्ड एसोसिएट्स चार्टड एकाउन्टेण्ट्स रहनु भएको छ र उक्त सेवा बापतको रकम रु.२,८२,५००/- मु.अ कर सहित ।

(२) प्रमुख बैंक : यस निष्काशनको लागि प्रमुख बैंकको व्यवस्था गरिएको छैन ।

(३) निष्काशन बैंक (Bankers to the Issue):

यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक **(Banker to the Issue)** को रुपमा नियुक्त गरिएको छ ।

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	बैंक खाता नं.
१.	श्री मुक्तिनाथ विकास बैंक लि., कमलादी, काठमाण्डौं ।	०३५१०२००४०६५३२०००१०२

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

(४) वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :

यस विवरणपत्रमा उल्लेख गरीएको वित्तीय विवरण तयार पार्ने सुवोध पि एण्ड एसोसिएट्स चार्टड एकाउण्टेण्ट्स रहेको छ

(५) वित्तीय प्रक्षेपणको अनुमान तथा आधारहरु पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ:

यस विवरणपत्रमा उल्लेख गरिए बमोजिम तयार गरिएको वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरू पुनरावलोकन गरी सो

आधारमा तयार गरिएका वित्तीय प्रक्षेपणका विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने सुवोध पि एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट्स रहेको छ ।

(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु :

१) **लेखापरीक्षक**

लेखापरिक्षकलाई लेखापरिक्षण वापत मु.अ.कर बाहेक रु २,८२,५००/- शुल्क बुझाइने छ अन्य कुनै शर्तहरु नरहेको ।

२) **निष्काशन बैंक**

मुक्तिनाथ विकास बैंक लिमिटेड निष्काशन बैंकको रुपमा रहेको छ ।

३) **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञको सेवा शुल्क**

वित्तीय प्रक्षेपण तयार गरि दिने विशेषज्ञलाई सेवा शुल्क वापत रकम रु.१,५०,०००/- बुझाइने छ ।

ग.१६) परियोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्कासन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :

वित्तीय व्यवस्थापनका लागि हिमालयन बैंक लिमिटेड (साविक सिभिल बैंक लिमिटेड) संग भएको ऋण सम्झौताको विवरण

क्र.स.	कर्जाको प्रकार	कर्जाको सीमा (रु.)	व्याजदर	कर्जाको अबधि मिति	कर्जा नविकरण भएको मिति
१	क्यास क्रेडिट कर्जा	६,००,००,०००/–	बैंकको आधारदर ५.३९ प्रतिशतमा प्रिमियम दर १.७५ प्रतिशत थप गरी वार्षिक ७.५ का दरले ऋणीले कर्जाको व्याज भुक्तानी गर्नु पर्नेछ ।	२०८२/११/२७	२०८३/११/१५
२	ट्रष्ट रिसिप्ट कर्जा (Trust Receipt Loan)	१०,००,००,०००/–		२०८२/११/२७	२०८३/११/१५
३	आवधिक कर्जा-१ (Term Loan–I)	३,७१,४०,०००/–		२०८२/११/२७	२०८३/११/१५
४	आवधिक कर्जा-२ (Term Loan–II)	१६,००,००,०००/–		२०८४/८/१६	

वित्तीय व्यवस्थापनका लागि ग्लोबल आइएमई बैंक लिमिटेड संग भएको ऋण सम्झौताको विवरण

क्र.स.	कर्जाको प्रकार	कर्जाको सीमा (रु.)	व्याजदर	कर्जाको अबधि मिति	कर्जा नविकरण भएको मिति
१	ट्रष्ट रिसिप्ट कर्जा (LC/Trust Receipt/Short Term Loan)	५,००,००,०००/–	बैंकको आधारदर ४.८३ प्रतिशतमा प्रिमियम दर ०.७५ प्रतिशत थप गरी वार्षिक ५.५८ का दरले ऋणीले कर्जाको व्याज भुक्तानी गर्नु पर्नेछ ।	२०८३/३/१९	२०८४/३/१८

- साथै ऋण उपभोग गर्दा धितो सुरक्षणको रुपमा कम्पनीको नाममा रहेको जग्गा जमिन जमानत राखिएको छ ।

कम्पनीले तल दिएको तालिका अनुसारको कर्जा रकम भुक्तानी गर्ने छ :

आवधिक कर्जा-१

व्याजः ५.३९% + १.७५%

बाँकी ऋण रकम रु.१,४०,२५,७६६.५ः

मिति	भुक्तानी रकम	साँवा	व्याज	बाँकी कर्जा	कैफियत
२०२५-११-१६	२१७,५०८.९४	११६,५८८.१५	१००,९२०.७९	१४,८८८,५४०.६८	भुक्तानी गरिएको
२०२५-१२-१६	२१४,३३५.८६	१२०,७६६.४८	९३,५६९.३८	१४,७६७,७७४.२०	भुक्तानी गरिएको
२०२६-०१-१६	२१३,२२८.४२	११९,२८५.१५	९३,९४३.२७	१४,६४८,४८९.०५	भुक्तानी गरिएको
२०२६-०२-१६	२१२,२८९.२२	१२०,१६०.२६	९२,१२८.९६	१४,५२८,३२८.७९	भुक्तानी गरिएको
२०२६-०३-१६	२११,८६६.६९	१२९,८६३.२३	८२,००३.४६	१४,३९८,४६५.५६	भुक्तानी गरिएको
२०२६-०४-१६	२११,४४९.१७	१२२,२०२.३५	८९,२४६.८२	१४,२७६,२६३.२१	भुक्तानी गरिएको
२०२६-०५-१६	२११,१७३.८७	१२६,२३५.९७	८४,९३७.९०	१४,१५०,०२७.२४	भुक्तानी गरिएको
२०२६-०६-१६	२१०,७६५.८४	१२४,२६०.७१	८६,५०५.१३	१४,०२५,७६६.५३	भुक्तानी गरिएको
२०२६-०७-१६	२१०,७६५.८४	१२८,४५५.७३	८२,३१०.११	१३,८९७,३१०.८०	भुक्तानी गरिएको
२०२६-०८-१६	२१०,७६५.८४	१२६,४९१.०२	८४,२७४.८२	१३,७७०,८१९.७८	भुक्तानी गरिएको
२०२६-०९-१६	२१०,७६५.८४	१२७,२५८.०८	८३,५०७.७६	१३,६४३,५६१.७०	भुक्तानी गरिएको
२०२६-१०-१६	२१०,७६५.८४	१३०,६९८.६९	८०,०६७.१५	१३,५१२,८६३.०१	भुक्तानी गरिएको
२०२६-११-१६	२१०,७६५.८४	१२८,८२२.३६	८१,९४३.४८	१३,३८४,०४०.६५	
२०२६-१२-१६	२१०,७६५.८४	१३२,२२१.६९	७८,५४४.१५	१३,२५१,८१८.९६	

২০২৬-০৭-১৬	২৭০,৩৬৫.৫৪	১৩০,৪০৫.৩৬	৫০,৩৬০.৪৫	১৩,১২৭,৪৭৩.৬০	
২০২৬-০২-১৬	২৭০,৩৬৫.৫৪	১৩৭,১৭৬.১৫	৩৭,৫৬৭.৬৭	১২,৭৭০,২৭৩.৪৫	
২০২৬-০৩-১৬	২৭০,৩৬৫.৫৪	১৩৭,৬১৫.০৪	৩৭,১৫০.৫০	১২,৫৫০,৬০২.৪১	
২০২৬-০৪-১৬	২৭০,৩৬৫.৫৪	১৩২,৫৩৫.৩৫	৩৩,৭২৩.৪৬	১২,৩৭৩,৩৬৪.০৩	
২০২৬-০৫-১৬	২৭০,৩৬৫.৫৪	১৩৬,১৩৭.৩৩	৩৪,৬৩৪.১১	১২,৫৫৭,৬৩২.৩০	
২০২৬-০৬-১৬	২৭০,৩৬৫.৫৪	১৩৪,৪৬৭.৪৪	৩৬,২৭৬.৪০	১২,৪৪৩,১৬২.৫৬	
২০২৬-০৩-১৬	২৭০,৩৬৫.৫৪	১৩৩,৩৭৭.৩৫	৩৩,০৪৬.০৭	১২,৩০৭,৪৪৩.১১	
২০২৬-০৫-১৬	২৭০,৩৬৫.৫৪	১৩৬,১২০.০৩	৩৪,৬৪৫.৫৭	১২,১৩৩,৩২৩.০৫	
২০২৬-০৯-১৬	২৭০,৩৬৫.৫৪	১৩৬,৭৪৫.৪৩	৩৩,৫২০.৩৩	১২,০৩৬,৩৩৩.৬১	
